# परिच्छेद एक : परिचय

कुनै पनि अध्ययन अनुसन्धान गर्दा सो निश्चित सीमाभित्र रहेर तोकिएका उद्देश्य अनुसार तथ्यांक संकलन गरी व्याख्या एवम् विश्लेषण गर्नु अनुसन्धानकर्ताको मुख्य दायित्व हुन जान्छ । प्रारम्भिक बालविकासकेन्द्रले बालबालिकाको उपलब्धिमा पारेको प्रभाव नामक शीर्षक चयन गरी गरिएको यस अध्ययन अनुसन्धनको परिचयका क्रममा अध्ययनको पृष्ठभूमि, यस अध्ययन अनुसन्धानले पहिचान गर्ने समस्याहरु, अध्यनको औचित्य, यसका उद्देश्यहरु, अनुसन्धनात्मक प्रश्नावलीहरु र अध्ययन को परिसीमा यस अध्ययन अनुसन्धानभित्र समेटिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमि

देश विकासको प्रमुख मरुदण्ड भनेको नै शिक्षा हो । मानिसका दैनिक आवश्यकता परिपूर्ति देखि लिएर आफ्नो व्यक्तिगत जीवन यापनका लागि अपरिहार्य रहन्छ । व्यक्तिको चौतर्फी विकास गराउने प्रमुख माध्यम पनि शिक्षा नै हो । विभिन्न विद्वानहरुको प्रमाणित गर्दै आएको विचार तथा दर्शनलाई नियालेर हेर्ने हो भने शिक्षा क्रोक्रोबाट शुरुभएर चिहानमा अन्त्य हुन्छ भनेर भनेका छन्, ताकि शिक्षा औपचारिक तथा अनौपचारिक गरेर दुवै तवरबाट व्यक्तिले ग्रहण गरिहरको हुन्छ । आजको बढ्दो आधुनिक शिक्षामा बालबालिकालाई सानै उमेरदेखि औपचारिक रुपले शिक्षा दिने चलन आइसकेको छ । विभिन्न विद्यालयमा हाल आएर बालविकास कक्षाको समेत शुरुवात हुँदै आएको पाइन्छ । सिधै कक्षा १ मा भर्ना गर्नु भन्दा बालविकास कक्षामा आफ्ना बाबुनानीहरुलाई भर्ना गराई पढ्ने बानीको विकास गराएर बल्ल कक्षा १ मा पठाउने व्यवस्था अहिलेका अभिभावकमा प्रयाप्त मात्रामा रहेको छ । यस्ता बालविकास केन्द्रहरूको दिगो विकास र प्रभावकारी व्यवस्थापनका लागि सरोकारवालाको भूमिकामा अपरिहार्य रहेको हुन्छ । त्यसैगरी वर्तमान अवस्थमा सञ्चालन हुँदै आएको बालविकास शिक्षाको प्रभावकारिता तथा बालविकास कक्षा पास गरेर आएका र सिधै कक्षा १ मा भर्ना भएका बालबालिकाहरुमा कुनमा बढी सिकाई उपलब्धि रहन्छ । भन्ने कुराको समेत दृष्टिगत गर्दै प्रारम्भिक बालविकासकेन्द्रको अध्ययन पूरा गरी कक्षा एकमा

भर्ना भएका र सिधै भर्ना भएका विद्यार्थी बीचको सिकाइ उपलब्धि नामक शीर्षक चयन गरी यो अध्ययन अनुसन्धान गरिएको छ ।

सन् १९९० मा थाईल्याण्डको जोम्टिनमा भएको शिक्षामन्त्रीहरुको सम्मेलनले सन् २००० सम्म 'सबैका लागि शिक्षा' भन्ने घोषणापत्र जारी गरेको थियो । एक देशकको प्रयासपछि उल्लेखनीय उपलब्धि हासिल हुने सम्भावना नदेखिएपछि विश्व शिक्षा मञ्चले सिनेगलको डकारमा अप्रिल २६-२८, २००० मा सबैका लागि शिक्षामा पुन प्रतिबद्धता जाहेर गर्न सम्मेलनको आयोजना गऱ्यो । विश्वका ११८ देशका शिक्षा प्रतिनिधिहरु सहभागी भई सबैका लागि शिक्षाको दुरदृष्टि लक्ष्य, उद्देश्य, रणनीति र कार्यान्वयनका लागि सामुहिक प्रतिबद्धता जाहेर गरेका थिए । नेपालले पनि यसमा प्रतिबद्धता जाहेर गरेको छ । उक्त घोषणा अनुसार नेपालले सन् २००१-२०१५ र सबैका लागि शिक्षा मुख्य दस्तावेज सन् २००४-२००९ तयार गरेको छ, (सिन्हा २०६३ ) ।

सबैका लागि शिक्षाको घोषणा अनुसारको उपलब्धि हासिल गर्ने गरी शिक्षाका ६ वटा लक्ष्यहरु : बालविकास विस्तार, सबै बालबालिकालाई शिक्षामा पहुँचको सुनिश्चितता, सबैको सिकाइ आवश्यकताहरुको परिपूर्ति, प्रौढ निरक्षरता घटाउने, लैंगिक विभेद हटाउने र गुणस्तरी शिक्षाका सबै पक्षमा सुधार गर्ने तोकिएको छ । सबैका लागि शिक्षाको प्रथम लक्ष्य खासगरी पिछडिएको सुविधाविहीन बालबालिकाहरुको लागि समेत हेरचाह र बालविकास तथा बालशिक्षाको स्थापना र विस्तार गर्ने लक्ष्य राखेको छ । सबैका लागि शिक्षा राष्ट्रिय कार्य योजनाले सन् २०१५ सम्मा ७४.००० प्रारम्भिक बालविकास केन्द्रहरु स्थापना गर्ने लक्ष्य राखेको छ । नेपालमा सञ्चालित प्रारम्भिक बालविकासकेन्द्रहरुलाई विभिन्न नाम दिइएको छ र गैर सरकारी तथा सरकारी संघ संस्थाहरुले समुदायमा आधारित बालविकास केन्द्र संचालन गरेका छन् । विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुको सहयोगमा सञ्चालित बालविकास केन्द्रहरुलाई शिशुस्याहार, जीवन वृद्धि र विकासका लागि शिशु स्याहार, बालशिक्षा, प्रारम्भिक बालविकास नर्सरी विद्यालय किंडर गार्टेन विद्यालय, पूर्व

विद्यालय शिक्षा, पूर्व प्रथमिक शिक्षा आदि नामबाट चिनिन्छ, (रणनीति पत्र, २०६१ शिक्षा विभाग) ।

यसरी वृद्धि र विकासका लागि तालिम र अनुभवको माध्यमबाट ज्ञान हासिल गरेर सीप र अभिवृत्तिको विकास गरेर मानिसको व्यवहारमा अपेक्षाकृत परिवर्तन र रुपमान्तरण गर्ने प्रक्रियालाई सिकाइ भनिन्छ । पूर्वबाल्यवस्था उमेर समूह ३ देखि ५ वर्षका बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्रमा ल्याउन अभिभावकलाई प्रेरित गरी भर्नादरमा वृद्धि गर्ने र बालबालिकाहरुको ज्ञान, सीप र अभिवृद्धिको विकास गरी प्राथमिक शिक्षाको पहिलो तह कक्षा १ मा सबै बालबालिकालाई समाहित गर्न सकेमा सन् २०१५ सम्म सबैका लागि शिक्षाको अपेक्षाकृत लक्ष्य पूरा हुने देखिन्छ ।

यसै कार्यक्रम अन्तर्गत नवलपरासी जिल्लामा पनि आ.व. २०५९ देखि प्रारम्भिक बालविकास केन्द्रको स्थापना शुरु भइ चालु वर्ष २०६७०६८ सम्म ५७७ केन्द्र पुगेको छ । जसमध्ये ५४३ वटा प्रारम्भिक बालविकास केन्द्रहरु सामुदायिक विद्यालयमा आधारित छन् । त्यसैगरी यसै जिल्लाअन्तर्गत अमरापुरी स्रोत केन्द्रमा आधारित २३ वटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा छन् ।

यस अध्ययनमा नवलपरासी जिल्ला अन्तर्गत अमरापुरी स्रोतकेन्द्रमा सञ्चालन भएका प्रारम्भिक बालविकास केन्द्र ३ वटामा अध्ययन सकी कक्षा एकमा भर्ना भई अध्यय गरिरहेका बालबालिकाहरुको सिकाइ उपलब्धिको अध्ययन गरिएको छ ।

### १.२ समस्याको कथन

सबैका लागि शिक्षा अन्तर्गत हाल विभिन्न ठाउँहरुमा प्रारम्भिक बालविकासकेन्द्रहरु विस्तार भएका छन् । यी मध्ये कुनै विद्यालयमा आधारित छन् भने कुनै समुदायमा आधारित छन् । कुनै प्रारम्भिक बालविकास केन्द्रहरु कुनै आफ्नो उद्देश्य अनुरुप सञ्चालित हुन भने कुनैले यसको उद्देश्य अनुरुप सिकाइ वातावरण दिन सकेको छैनन् । कतिपय प्रारम्भिक बालविकास

केन्द्रहरुमा परम्परागत शिक्षण पद्धति अनुरुप शिक्षण गर्ने गरिन्छ । यस सन्दर्भमा सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत प्रारम्भिक बालविकास केन्द्रको विस्तार भएपछि विभिन्न सरकारी तथा गैर सरकारी संस्थाको अध्यय टोलीहरुबाट यस कार्यक्रमको बारेमा अध्ययन अनुसन्धान भएको छ र अध्यय प्रतिवेदन प्रकाशित छन् तापनि नवलपरासी जिल्ला र विशेष गरी अमरापुरी स्रोतकेन्द्र प्रारम्भिक बालविकास केन्द्र प्ररा गरी प्राथिमिक विद्यालय तहको कक्षा एकमा भर्ना भएका बकालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर र नियमितताका बारेमा जानकारी प्राप्त गर्न यस अध्ययनमा प्रारम्भिक बालविकास केन्द्रको अध्ययन सकेर कक्षा एक भर्ना भएका बालबालिकाहरुको सिकाई उपलब्धिलाई समस्याको रुपमा लिइएको छ । यस अध्ययनमा निम्न लिखित समस्याहरु उठान गरी यसको सम्बन्धित जवाफ खोज्ने प्रयास गरिएको छ । प्रारम्भिक बालविकास केन्द्रमा अध्ययन पुरा गरी कक्षा एकमा आएका बालबालिकाहरुको विद्यालयमा नियमतिता कस्तो छ ?, प्रारम्भिक बालविकासकेन्द्र अध्ययन गरी कक्षा एकमा आएका बालबालिकाहरुको शैक्षिक उपलब्धिस्तर कस्तो छ ?, प्रारम्भिक बालविकासकेन्द्र कार्यक्रमले बालविकासमा कस्तो प्रभाव पारेको छ र यस कार्यक्रमको प्रभावकारिता कस्तो छ ?, प्रारम्भिक बालविकासकेन्द्र कार्यक्रमका सबलपक्षहरु के के हुन् ?, प्रारम्भिक बालविकास केन्द्रका दुर्वल पक्षहरु के के हुन् ?

### १.३ अध्ययनको औचित्य

आजका बालबालिका भनेका भोलिका कर्णधारका रुपमा स्थापित हुन सक्छन्  बालबालिकाले अहिले आर्जन गरेको शिक्षा नै भविष्यको सिकाइको जग हुने भएकाले यस तहमा बालबालिकाहरुलाई सिक्नका लागि सिक्ने अभिप्रायबाट मनोरञ्जन तरिकाबाट शिक्षा प्रदान गर्नु आवश्यक रहन्छ । विद्यालयमा भर्ना गर्नु भन्दा अगाडि बालबालिकाहरुलाई रमाइलोर प्रभावपूर्ण ढंगबाट विद्यालय जावने वातावरण तयार गर्नका लागि बालविकास केन्द्रले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । त्यसैले प्रारम्भिक बालविकास केन्द्रले बालबालिकाको

उपलब्धिमा पारेको प्रभाव नामक शीर्षक चयन गरी अध्ययन अनुसन्धान गरिनुको औचित्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) बालविकास केन्द्रको वर्तमान अवस्था पहिचान गरी सम्बन्धित निकायहरुलाई सहयोग गर्नका लागि उपयोगी सिद्ध हुनेछ ।

ख) बालविकास केन्द्रको प्रभावकारिता कार्यान्वयन प्रक्रिया र समस्याको बारेमा जानकारी प्राप्त गर्नका लागि थप सहयोग मिल्नेछ ।

ग) बालविकास केन्द्रमा सञ्चालित हुने शिक्षण विधि र शैक्षिक क्रियाकलापको बारेमा जानकारी लिई त्यसमा देखिएका समस्या समाधान गर्न उपयोगी हुने छ ।

घ) बालविकास केन्द्रको भूमिका पहचान गरी सक्रिय रुपले कार्य गर्नका लागि थप सहयोग पुग्नेछ ।

ङ) बालविकाससँग सरोकार राख्ने सम्बन्धित सबै पक्षका लागि अध्ययन अनुसन्धन गर्न थप सहयोग पुग्नेछ ।

च) भोलिका दिनहरुमा यस अध्ययन अनुसन्धानसँग सम्बन्धित हुने गरी अध्ययन अनुसन्धन गर्न चाहना जो कोहीका लागि पनि अध्यनको सन्दर्भसूचीका रुपमा काम लाग्नेछ ।

## १.४ अध्ययन उद्देश्यहरु

यस शोधकार्यको उद्देश्यहरु निम्नानुसार रहेका छन् :

क) प्रारम्भिक बालविकास केन्द्रले बालबालिकाको उपलब्धिमा पारेको प्रभाव विश्लेषणगर्नु,

ख) शिक्षण सिकाइमा देखिएका समस्याहरुको पहिचान गर्नु

ग) समस्या समाधानका उपायहरुको खोजि गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययन अनुसन्धानलाई पूर्णता प्रदान गर्नका लागि निम्नानुसारका शोधप्रस्नहरुमा आधारित रहनेछ :

क) प्रारम्भिक बालविकास केन्द्रले बालबालिकाको उपलब्धिमा कस्तो पारेको छ ?

ख) शिक्षण सिकाइमा देखिएका समस्याहरु के के छन् ?

ग) समस्या समाधानका उपायहरुको के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

सिमित स्रोत र साधनले गर्दा कुनै पनि अध्ययन अनुसन्धानलाई निश्चित घेराभित्र गोलबद्ध गरेर अध्ययन गर्नु नै प्रभावकारी मानिन्छ । यसै उद्देश्यलाई ध्यानमा राखेर यस अध्ययन अनुसन्धानका निम्न लिखित परिसीमा राखिएको छ :

क) यो अध्ययन नवलपरासी जिल्ला अमरापुरी स्रोतकेन्द्रअन्तर्गतका तीनवटा विद्यालयमा सीमित छ ।

ख) बालविकासकेन्द्र अध्ययन गरी कक्षा एकमा आएका र सिधै कक्षा एकमा भर्ना हुन आएका बलबालिकाहरुको तुलना गर्न सीमित रहेको छ ।

ग) विद्यार्थीको विद्यालयमा नियमित र शैक्षिक उपलब्धि र बालविकास केन्द्रको प्रभावकारिता तथा यसका सवल तथा दुर्वल पक्षको विश्लेषणमा यो अध्ययन सीमित  गरिएको छ ।

# परिच्छेद दुई :

# सम्बन्धित साहित्यको पुनारावलोकन तथा सैद्धान्तिक खाका

## २.१ साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन अनुसन्धानलाई पूर्णता प्रदान गर्नको लागि त्यस अध्ययन अनुसन्धासँग सम्बन्धित रहेका विभिन्न लेख तथा रचना, पत्रपत्रिका लगायत वुद्धिजिवीहरुका भनाइहरुलाई समेट्नु पर्ने हुन्छ । यसै कुरालाई अध्यय गर्दै प्रारम्भिक बालविकासकेन्द्रको अध्यनय पूरा गरी कक्षा एक भर्ना भएका र सिधै भर्ना भएका विद्यार्थीहरु बीचको सिकाइ उपलब्धी नामक प्रस्तुत शोधपत्रमा निम्नलिखत लेखरचना तथा वुद्धिजिवीका भनाइहरुलाई साहित्यको सिंहावलोकनको रुपमा अध्ययन गरिएकोछ ।

बालविकास केन्द्र दिनहुँ सञ्चालन हुन्छ । केन्द्रमा सञ्चालन गर्ने क्रियाकलापहरु बाल बालिकाको उमेर र उनीहरुकमो विकास क्षमतासँग मेल खाएको हुनु पर्दछ । बाल बालिकाको विकासको गति क्रमबद्ध र क्रमिक हुन्छ । त्यसैले बाल सिकाई पनि त्यही प्रक्रिया अनुरुप हुनु पर्दछ । बाल सिकाई सिद्धान्त अनुसार बाल बालिका सबै कुरा सिक्न सकिदैन । त्यसैले बालबालिकाले रमाएर सिक्ने विषयको ठोस विस्तु हेरेर मात्र सिक्दछ । यी सबै कार्य बाल विकास केन्द्रको समीत तालिम प्राप्त गरेको पूर्ण रुपमा सिकाउन सक्दैन भन्ने कुरा औंल्याइएको पाइन्छ, (पुनर्जाजगी पुस्तिका, २०६७) ।

वाग्ले (२०५८) का अनुसार शिक्षा एक्लै पूरा हुँदैन । शिक्षामा सामाजिककीकरण हुनुपर्दछ भन्ने मान्यता उनको बालग्रन्थ मा बालबालिकाको लागि काम गरौ भनि आवह्वान गरे । उनकै शब्दमा "Come Let us live for children" खेलगीत उपहारद्वारा शिक्षा नै किन्डर गार्डेनमा विद्यालय बगैंचा बकालक रंगीविरंगी फूल र शिक्षक माली भनेर विश्लेषण गरेका छन् ।

वाग्ले (२०५८) का अनुसार संसार परिवर्तनशील भएको सत्य पनि परिवर्तनशील छ । आजको सत्य भोली असत्य सावित पनि हुन सक्दछ । त्यसैले भोली यही नै ज्ञान ठीक हुन्छ भन्न सकिंदैन । संसार हिजोको स्वरुपमा छैन र आजको स्वरुपमा भोली देख्न पाइदैन । संसारको परिवर्तनको क्रम रोकिंदै तसर्थ बालकलाई समयसापेक्ष ज्ञान दिनुपर्दछ । पूर्वप्रांथमिक तहको पठनपाठन त्यति फस्टाइ नसकेको परिस्थितिमा प्राथमिक विद्यालयमा पढ्न आउने बालबालिकालाई सोझै औपचारिक शिक्षा पद्धतिकिो शुरु भएको अवस्थामा रहेको कक्षा एकमा समाहित गराइन्छ । भर्खरै घरयासी वातावरणबाट छुट्टएर आएका ती बालबालिकाहरुमा विद्यालयको अनुशासन तथा सम्पूर्ण नियम पालना गर्ने क्षमता विकास भएको हुँदैन । उनीहरु आफ्नै हिसाबले स्वतन्त्र हुन चाहान्छन् । जवकी त्यासे हुन विद्यालयको नियमले दिंदैन । यसरी आफूबाट फरक वातावरण भएका कारण उनीहरु समायोजन हुन तथा एक अर्कोमा अन्तरक्रिया गर्न गाह्रो पर्दछ । विद्यालयको नियम तथा अनुशासनमा बाँधिएर चार पर्खालभित्रको वातावरणमा ४।५ घण्टाको समय विताउन निकै कठिन पर्दछ । बालबालिकाहरुमा घरको सम्झनाले सताउने असुरक्षित महसुस गर्ने, घरको जस्तो व्यवहार प्रदर्शन गर्ने गुरु तथा गुरुआमाहरुबाट आफै बाबुआमाको जस्तो माया ममता खोज्ने जस्ता कुराहरु देखापर्दछन् । एकोहोरो तथा टोलाएर वस्ने अनि पढ्ने लेख्ने जस्ता व्यवहारले सिकाइमा समस्या उत्पन्न गरिदिन्छ । यसका लागि रुसोको प्रकृतिवादी सिद्धान्त तथा खेल विधि प्रदर्शन विधि लगायतका विधि योग गरी विद्यार्थीको उमेर र प्रवृत्ति अनुसारको शिक्षण गर्न सकेमा समस्या समाधानमा सहयोग पुग्ने देखिन्छ ।

शर्मा (२०५८) का अनुसार अनुभवको पुनः निर्माण नै शिक्षा हो । शिक्षा आफै जीवन हो । उनले विद्यालयलाई लघुरुप ठान्दछन् । उनकै शब्दमा सिकाइ, गति, क्रियाकलाप र अनुभवबाट शुरु हुन्छ । शिक्षण सिकाई विधिमा प्रयोवगात्मक विधि तथा परियोजवना विधि नै सर्वोत्तम विधि हो ।

शर्मा (२०५८) का अनुसार ३ देखि ७ वर्ष भित्रका बालकिवालका संज्ञानात्मक विकासका अन्तत सम्भावना हुन्छन् । ती सम्भावना अनुरुप वातावरण दिन नसके जीवनभर घाटा भाग्छन् । उमेर नपुगी अथवा क्षमता भन्दा बढी सिकाउन खोज्नु र जिज्ञासा अनुसार सिक्न नपाउनु दुवै नोक्सानपूर्ण हुन्छ भनि विश्लेषण गरेका छन् ।

मन्टेसरी (१८७० देखि १९५२) ले उल्लेख गरे  अनुसार शिक्षा आर्जनका लागि सहायक बनाउने हो भने शिक्षँको प्रारम्भ जीवनको प्रारम्भबाटै हुनु पदैछ । उनकै शब्दमा विकास त वालकले स्वमय् गरेको हुन्छ र अभिभावकले मूलतः प्रतिक्षा गरिहेको हुन्छ । मन्टेशरीले ज्ञानेन्द्रिय ( आँखा, नाक, कान, मुख, छाला) मांशपेशीको तालिमलाई नै सिकाइ भन्दछन् । उनका अनुसार लेखन यान्त्रिक कुरा हो जो पढाइभन्दा पहिले नै सिकाइ हुन्छ । उनले शिक्षणको सट्टा किसाई शब्दलाई महत्व दिन्छ ।

वाग्ले (२०५८ ) का अनुसार बालकले स्वतन्त्र वातावरणमा आफ्नै प्रयासबा शिक्षा प्राप्त गर्दछन् । जसमा प्रौढहरुको कडा अनुशासन तथा दवावको आवश्यकता पर्दैन । शिक्षालाई कितावका पाना र विद्यालयको चार पर्खाल भित्र खुम्चाएर राख्नु हुँदैन । उनका अनुसार किताबहरु जलाउन विद्यालयका पर्खालहरु भत्काउन बालकलाई प्रकृतिमा राखिदिन सुझाव छ । प्रत्येक बकालक आफैमा एउटा पुस्तक हो जसलाई शिक्षकले एक एक पानाको अध्ययन गर्नुपर्दछ ।

हर्लक (1992) का अनुसार नानीहरु सिक्न तयार भएपछि रुचि देखिन्छ । त्यसलाई समात्नुपर्दछ । रुचि अनुसार क्रियाकलाप नपाए रुचि हराउँछ। त्यसैले बालक्रियाकलापहरु अभ्यासमा आधारित हुनु पर्दछ भन्ने कुरामा जोडदिएका छन् । उनका अनुसारAcceptance , Achievment, Affection) को वातावरणबाट बालकलाई सुखी बनाएर रुची बाढाउन सकिन्छ ।

शर्माचिरञ्जिवी र शर्मा निर्मला (२०६०) का अनुसार बालक स्वयम् उत्तम ग्रन्थ हो जसका प्रत्यके पृष्ठ पढ्न आवश्यक छ । यसको अर्थ हो बकालक व्यक्तिगत विभिन्नताहरु अनुसार स्वतन्त्र प्रकृतिको शिक्षण सिकाइ क्रियाकलाप हुनुपर्दछ । वार्तालाप, लेखन, चित्रकोर्ने, संगीत र खेलबाट किसाकाइका लागि प्राकृतिक वातावरण तयार हुन्छ । गरेर सिक्ने विधि प्रत्यक्ष अनुभवद्धारा सिक्ने विधि उत्तम विधि हो भनेर उल्लेख गरेका छन् ।

CERID (2004) को Effective operation and sustainable development of early childhood and development program stratgies for rapid expansion. शीर्षकमा गरिएको अध्ययनको निष्कर्ष निम्नानुसारका थिए :

प्रारम्भिक बालविकास केन्द्र नीतिमा छिटोछिटो परिवर्तन भएको कारण अन्योलता रहेको छ । केही INGO हरुले आफ्नै पाठ्यक्रम प्रयोगमा ल्याउने गरेकोले प्रारम्भिक बालविकास केन्द्रको क्रियाकलापमा एकरुपमा पाउन सकिएको छैन । INGO हरुबाट समुदायको माग अनुसार प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न दिइने भएकाले यसमा समस्या नदेखिएको निश्चित कोटामा आधारित भएकोले माग भए अनुसार वितरण गर्न नसकिएको यसमा समस्या देखिएको छ ।

प्रारम्भिक बालविकास दिग्दर्शन पाठ्यक्रम (२०६२) का अनुसार प्रारम्भिक बाल्यावस्थाले बालबालिकाको भावी जीवनमा महत्वपूर्ण प्रभाव पार्दछ । गर्भदेखि ८ वर्ष सम्मको उमेरलाई प्रारम्भिक बाल्यावस्थामा लिइने हुँदा यस उमेरका बालबालिकाको सर्बाङ्गीण विकासका लागि उचित वातावरण प्रदान गर्नसकेमा मात्र उनीहरु पूर्ण मानव बन्न सक्दछन् । त्यसबाट मात्र देशलाई आवश्यक पर्ने जनशक्तिको परिपूर्ति सम्भव हुन्छ यसका लागि प्रारम्भिक बालविकास कार्यक्रमको प्रमुख भूमिका रहन्छ । हाम्रो परिवेशमा ३, ४ बर्षका बालबालिकाहरुलाई मात्र प्रारम्भिक बालविकास कार्यक्रम व्यबस्था भएकोले यी बालबालिकाको लागि कार्यक्रम सुनिश्चित गर्न प्रारम्भिक बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षाको प्रावधानअनुरुप यस तहका लागि पाठ्यक्रम पुस्तिका तयार गरिएको छ । यस

निर्देशन पुस्तिकाले पूर्वप्राथमिक कक्षाका बालबालिकाको अन्तरनिहित प्रतिभाको विकास गरी उनीहरुलाई आत्मविश्वासी, आफूलाई सुरक्षित अनुभव गर्ने, स्वाभिमानी, सहयोगी तथा स्वावलम्बी बनाउन आवश्यक वातावरणको व्यवस्था गर्न सहयोगी र शिक्षकलाई मद्दत पुर्‍याउने तथ्य उल्लेख छ ।

सिंह, (२०६३) का अनुसार बालबालिकाहरुको २ वर्षदेखि ६ वर्षसम्मको अवस्थालाई पूर्वबाल्यावस्था भनिन्छ । यस अवस्थामा बच्चाको व्यवहार, भावना, रुची तथा क्षमताहरुको ढाँचामा मुख्य परिवर्तनहरु देखापर्छन् । यसको कारण के हो भने बच्चाहरु घरेलु वातावरण छाडेर विद्यालयको नयाँ वातावरणमा प्रवेश गर्दा आउने परिवर्तन हो । यो अवस्था विद्यालय जाने उमेर पुग्ने अवस्था भएकोले यसलाई पूर्वविद्यालयको अवस्था पनि भनिन्छ । यसै प्रकारले यो उमेर बालबालिकाको समूहमा खेल्न बढी मन पराउने उमेर हो । यस अवस्थामा अरुको नक्कल जस्ताको तस्तै गर्ने पनि भनिन्छ । सामाजिक समायोजनका लागि धेरै कुराहरु बच्चाहरुले यस अवस्थामा सिक्ने भएकोले यो अवस्था ज्यादै महत्वपूर्ण मानिएको छ भनि उल्लेख गरिएको छ ।

तिमिल्सिना, विनोदखण्ड (२०६३) स्वीस मनोवैज्ञानिकका अनुसार शिक्षा मानिसको जन्मजात शक्तिहरुको स्वभाविक सामाञ्जस्य पूर्ण र प्रगतिशील विकास हो । उनले मनिसको बालविकास र बोटविरुवाको विकासलाई एउटै प्रकृतिको ठान्दछन् । ज्ञानभन्दा शक्तिको विकास हुनु आवश्यक छ । उनका अनुसार सिकाइ प्राकृतिक तथा सरल देखि जटिल क्रममा हुनु पर्दछ । घोकाइ र स्मरण भन्दा निरीक्षण र खोज विधिमा शिक्षण सिकाइ आधारित हुनुपर्दछ ।

प्रारम्भिक बालविकासकेन्द्रको अनुभव भएका बालबालिकाको सामाजिक र संवेगात्मक व्यवहार प्रारम्भिक बालविकास केन्द्र अनुभव नभएको भन्दा राम्रो रहेको छ । धेरैजसो बालविकासकेन्द्र आफ्नै घर तथा जग्गामा रहेको शौचालय तथा पानीको व्यवस्था धेरैजसो

केन्द्रमा भएको छैन । सहयोगीकार्यकर्ताको पारिश्रमिकमा एकरुपता नभई भिन्नता रहेको छ । बालविकासका लागि सचेतना कार्यक्रम पर्याप्तमात्रामा हुन सकेको छैन ।

पौडेल, (२०६४) का अनुसार जनसंख्या विक्षयमा शिक्षक व्यवस्थापन र शैक्षिक उपलब्धी बीचको सम्बन्ध एक अध्ययनका अनुसार सामान्यतया मानवीय संसाधनलाई कुशलता पूर्वक कार्य सम्पादन गराउनुलाई व्यवस्थापनको संज्ञा दिइन्छ । कुनै पनि संस्थामा सही रुपमा चांजो पांजो नमिलाएसम्म त्यस संस्थाको उद्देश्य प्राप्त नहुन सक्छ, त्यसैले व्यवस्थापनलाई संस्थाको सफलताको कडी मानिन्छ । संगठनका लागि आवश्यक मानव शक्तिको विकास, परिचालन छनौट र कार्यान्वयन संग जोडिएको यावत क्रियाकलाप नै व्यवस्थापन हो भन्ने उल्लेख गरेको पाइन्छ ।

**२.२ अध्ययनको सैद्धान्तिक खाका**

प्रारम्भिक बालविकासकेन्द्रको अध्ययन पुरागरी कक्षा एकमा भर्ना भएका र सिधै भर्ना भएका विद्यार्थी बीचको सिकाइ उपलब्धि नामक शीर्षक चयन गरी अध्ययन गर्न लागिएको यस शोधप्रस्तावना पत्रलाई गुणात्मक प्रकृतिको बनाउने उद्देश्यले शोध प्रस्तावनासँग सम्बन्धित विभिन्न सिद्धान्तहरु मध्ये जर्ज एल्टन मायोको मानव सम्बन्ध सिद्धान्तको बारेमा तल प्रस्तुत गरीएको छ ।

कुनै पनि संघ संस्था तथा संगठनमा काम गर्ने मानवीय स्रोतको प्रभावकारी सञ्चालन, व्यवस्थापन, परिचालनसँग सम्बन्धित विषयलाई मानव संस्थाधन व्यवस्थापन भनिन्छ । मानव सम्बन्ध सिद्धान्त सन् १९५०ताका प्रचलित सिद्धान्त हो । यस अगाडीका सिद्धान्तले संगठन र कार्यलाई यान्त्रिक दृष्टिकोणले हेरेको कारणले यो सिद्धान्तको सुरुवात भएको पाइन्छ । शास्त्रीय व्यवस्थापनले काम गर्ने ठाउँमा मेलमिलाप र उत्पादन कार्यकूशलतामा सन्तोषप्रद सुधार ल्याउन नसकेकोले व्यवहारिक व्यवस्थापनमा नयाँ नयाँ विचारहरु विकसित भएको पाइन्छ । कुनै पनि संगठनमा कार्य गर्नेहरुका बीच राम्रो मानव सम्बन्ध, समन्वय भएमा कार्य सम्पादन राम्रो, चाँडो, स्तरीय हुने र यसको विपरित मानव सम्बन्ध

राम्रो नभएमा कम गुणस्तरीय हुने कुराले धेरैलाई जुन गएको छ । यस सिद्धान्तलाई आन्तरिक व्यवहारको अध्ययन पनि भनिन्छ, (कोइराला, २०५९) ।

माथिका भनाईबाट मानव संसाधनको भूमिका महत्वपूर्ण रहन्छ भन्ने कुरा स्पष्ट भएकोले प्रारम्भिक बालविकासकेन्द्रको अध्ययन पुरागरी कक्षा एकमा भर्ना भएका र सिधै भर्ना भएका विद्यार्थी बीचको सिकाइ उपलब्धि नामक यस सोधप्रस्तावको अध्ययनका लागि सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरीएको छ ।

जर्ज एल्टन मायो (१८८०-१९४९) मानव सम्बन्ध सिद्धान्तका सिद्धान्तकार हुन् । मानव सम्बन्ध सिद्धान्तले संगठन भित्र व्यक्तिहरुको व्यवहारलाई परिवर्तन गर्न जोड दिएको हुन्छ । मानव सम्बन्ध भन्नाले मानिसलाई सकरात्मक ढंगबाट मानिसको जस्तो व्यवहार गर्नु भन्ने बुझिन्छ । मानिसलाई संगठनको वस्तु वा अन्य कुनै सम्पत्तिको जस्तो रुपमा लिनु हुँदैन । कुनै पनि संगठनभित्र कुनै पनि व्यक्तिको उसको काम तथा योग्यता अनुसार उत्तीकै महत्व अस्तित्व रहेको हुन्छ भन्ने कुरालाई मानव सम्बन्ध सिद्धान्तले छर्लङ्ग पारेको छ । यसले सबै सामाजिक व्यक्तित्व अर्को व्यक्तित्वसँग पारस्पारिक सम्बन्ध हुने, सामाजिक विज्ञानहरुको अध्ययनमा विशेष जोड दिएको छ । यदि सबै व्यक्ति मिलेर उद्देश्यहरु पूर्ति गर्नुछ भने एकले अर्कालाई, सम्मान, मर्यादा राख्नुको साथै विश्वासको वातावरण सिर्जना गरीएको हुनुपर्दछ । यही नै मानव सम्बन्धको उत्प्रेरणागर्ने कला हो । जो व्यवस्थापकले बुझेर मात्र व्यवहार गर्दछ । जसको अनुभव र प्रयोग इनकार गर्न सकिंदैन, विद्यालयमा पनि प्र.अ. ,शिक्षक, विद्यार्थी, वि.व्य.स हरूको बीचमा मानवीय सम्बन्ध स्थापना गर्न सकिएमा मात्र विद्यालय व्यवस्थापमा सुदृढ गर्न सकिन्छ भन्ने आधारमा यो शोधलाई मानव संसाधन सम्बन्ध सिद्धान्तको सैद्धान्तिक खाकाको रुपमा राखिएको छ ।

कोफ्सा (२०६६)मा  उल्लेख गरे अनुसार बालविकास कार्यक्रम किन प्रभावकारी भएन भन्ने प्रश्नको उत्तरमा बालविकास केन्द्रको कोटा पाउनुलाई शिक्षक दरवन्दी पाए सरह ठान्नु, सहयोगी कार्यकर्ता.लाई उपल्ला कक्षाहरूमा पढाउन लागउनु फरफरक शिक्षकले पढाउँदा बालविकास कक्षा बाल मैत्री अवधारणा बाट बिमुख हुनु, सहयोगी कार्यकर्ता.को तलब भक्ता

ज्यादै न्यून भएको कारण अन्य विकल्प पाउना साथ केन्द्र छोडने हुँदा तालिम अप्राप्त ब्यक्तिले कक्षा सञ्चालन गर्नुपर्दा प्रभावकारी नहुने । बालविकास केन्द्र छ तर विद्यालय छैन सर्वदलिय सहमती बाट गा.वि.स. र न.पा.बाट बालविकासका कोटा माग्ने जि.शि.का.ले उक्त मागलाई अनुमतीमा परिणत गरी निकासा दिने निकायमा सीमित रहेको छ । कुनै पनि बालविकासको प्रमुख आधारशिलाका रुपमा रहेको यो बालविकास कक्षा अझै प्रभावकारी सुदृढ ढंगबाट लैजान सकेको खण्डमा अझबढी उपलब्धि मूलक हुनेकुरालाई समेत उल्लेख गरिएको छ ।

## २.३ शैक्षिक उपादेयता

शिक्षा क्षेत्रमा प्रशस्त अध्ययन अनुसन्धान भएका छन् । यी अध्ययन तथा अनुसन्धानहरुले शिक्षा क्षेत्रको ज्ञानलाई व्यापकता थपिरहेका छन् । कुनै पनि क्षेत्रमा अध्ययन अनुसन्धान गर्नुपूर्व त्यसक्षेत्रसँग सम्बन्धित पूर्व अध्यनयनले के के भइरहेका ती अध्ययन र अनुसन्धानले के कस्ता तथ्यहरु उजागर गरेको छ । भन्ने कुरालाई पूर्वाधारका रुपमा लिनु पर्दछ । यसै सन्दर्भमा विभिन्न संघ संस्था र निकायबाट प्रकाशित अध्ययन प्रतिवेदन र अनुसन्धान कृतिहरुको खोजि गरी यस विषयसँग सम्बन्धित रहेका निम्न अनुसारका अध्ययन प्रतिवेदन र अनुसन्धान कृतिको खोजी गरी यस विषयसँग सम्बन्धित रहेका निम्न अनुसारका अध्यय प्रतिवेदन तथा लेख रचनाको अध्ययन गर्ने क्रममा उक्त अध्ययनको उद्देश्य, अध्ययन विधि, मुख्य प्राप्ति र सुझावको अध्ययन गरी समिक्षा गरिएको छ । यी अध्ययन सामग्रीको अलवा यस अध्ययनका क्रममा सन्दर्भ सामग्रीको रुपमा अन्य धेरै अध्ययन सामग्रीको आधार समेत लिइएको छ । जसलाई सन्दर्भ सूचीमा उल्लेख गरिएकोछ ।

प्रारम्भिक बालविकासकेन्द्रको अध्ययन पुरा कक्षा एकमा प्रवेश गरेका बालबालिकाको सिकाइको प्रभावकारिताको मापन पूर्वस्थापित सैद्धान्तिक आधार का अनुसार लिन सकिन्छ । उनले प्रभावकारितालाई ३ वटा आधारहरु बनाएर मापन गर्न भनि बताएका छन् । पहिलो, छोटो समय अन्तर्गत उत्पादन दक्षता र सन्दुष्टिलाई जोड दिएका छन् । यस अन्तर्गत प्रारम्भिक बालविकास केन्द्रको अध्ययन पुरा गरी कक्षा १ मा प्रवेश गरेको उपलब्धिलाई उत्पादनसँग दाजेर पुष्टि गर्न सकिनेछ । उनीहरुले अध्ययनबाट प्राप्त गरेको ज्ञान बानी व्यवहारलाई दक्षताको मापनमा मापन गर्न सकिन्छ । त्यस्तै दोस्रो माध्यमा अवधि अन्तर्ग अनुकूल र विकासलाई जोड दिएका छन् । यस अन्तर्गत प्रारम्भिक बालविकास केन्द्र अध्ययन गरी कक्षा १ मा आएका विभिन्न परिस्थिति अनुसार मिल्न सक्ने र आफूलाई रुपान्तर गरी व्यक्तित्व विकास सम्बन्धी मापन गर्न सकिन्छ । तेस्रो अन्तर्गत लामो समय

अन्तर्गत आत्मरक्षामा जोड दिएका छन् । यसमा ती बकालबालिकाहरुले आफ्नो सिकाइलाई जीवन्त बनाइ आफ्नो जीवनमा आइपर्ने विभिन्न समस्याहरु समाधान गर्ने कुनै पनि कार्यमा सरलता ल्याउने र जीवनोपयोगी सीपलाई व्यवहारमा प्रयोग गर्ने सीपसँग मापन गर्न सकिन्छ ।

यस अध्ययन अनुसन्धान पनि यिनै सैद्धान्तिक मान्यताका आधारमा अगाडी बढाइएको छ र अध्ययनन क्षेत्रको वस्तुगत तथ्यांक संकलन पश्चात यिनै मान्यताका आधारमा विश्लेषण गर्दै निष्कर्षमा पुग्ने प्रयास गरिएकोछ ।

# परिच्छेद तीन

# अध्ययन विधि

अध्ययन र अनुसन्धानका निर्दिष्ट उद्देश्यहरु पूरा गर्नका लागि अनुसन्धानको ढाँचा, जनसङ्ख्या र नमुना छनोट प्रक्रिया, तथ्याङ्क सङ्कलन प्रक्रिया र तथ्याङ्कको व्याख्या र विश्लेषणलाई यस परिच्छिेदमा निम्न शीर्षकहरुमा प्रस्तुत  गरिएको छ :

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान निश्चित योजना तथा रणनीतिको आधारमा गरिन्छ । पूर्व योजना अथवा तयारी विना गरिएको अनुसन्धान निश्चित लक्ष्यसम्म पुग्न सक्दैन । तसर्थ अध्ययन कार्यलाई पूर्णता दिनको लागि तथ्यांक संकलनका लागि कक्षा अवलोकन फारम, अभिलेख, प्रश्नावली र प्रश्नपत्र प्रयोगमा ल्याइएको छ । अध्ययनका क्रममा विद्यालयका प्र.अ. शिक्षक, सहयोगी कार्यकर्ता, विद्यार्थी आदिलाई उत्तरदाताको रुपमा लिइएको छ । यो अध्ययन अनुसन्धान गुणात्मक ढाँचामा रहेको हुँदा उद्देश्यगत आधारमा शोधकर्ताको योजनालाई तालिकामा प्रस्तुत गरिएको छ :

## ३.२ जनसंख्या र नमूना छनोट

यस अध्ययनको लागि सम्भावना रहित नमूना छनोट विधि अन्तरगत उद्देश्यपूर्ण नमूना छनोट विधिको आधारमा नवलपरासी जिल्ला अमरापुरी स्रोतकेन्द्र अन्तर्गतको देवचुली प्रा.वि., ध्रुवज्योती प्रा.वि.तथा लक्ष्मी प्रा.वि., का विद्यालयलाई अध्ययनको जनसंख्याको रुपमा छनौट गरिएकोछ। छनौटमा परेको नमुनालाई आधार मानेर अनुसन्धानको निष्कर्ष वा नतिजा निकालिएकोछ । अध्ययन कार्यमा सम्पूर्ण विद्यालयहरुलाई समेट्न विभिन्न कठिनाइहरुको सामना गर्नुपर्ने भएकोले अमरापुरी स्रोतकेन्द्रको जम्मा २३ विद्यालय मध्ये छनौटमा परेका ३ विद्यालयवाट १।१ जना प्र.अ., गरी ३ जना वि.व्य.स. वाट ३ जना ( अध्यक्ष, वि.व्य.स. सदस्य ,महिला सदस्य) गरी ९ जना १ शिक्षक, १ शिक्षिका, गरी ६ जना ,अभिभावक ३ जनालाई अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

### ३.३ तथ्याङ्कका स्रोतहरू

कुनै पनि विषय वा समस्याको वारेमा खोज अनुसन्धान गर्दा विभिन्न स्रोतहरूलाई आधार मानिएको हुन्छ । यसैगरी यस शोध अध्ययनको क्रममा पनि प्राथमिक तथा द्वितीय गरी तथ्याङ्कका दुईवटा स्रोतलाई अबलम्वन गरिएकोछ ।

**प्राथमिक तथ्याङ्क**

छलफल, अवलोकन, अर्न्तवार्ता-प्रश्नावली, र स्थलगत परीक्षणहरूलाई तथ्याङ्क संकलनप्रक्रियाको प्राथमिक स्रोत अर्न्तगत गरिएकोछ ।

**द्वितीय तथ्याङ्क**

द्वितीय तथ्याङ्क अर्न्तगत स्रोतकेन्द्र प्रोफाईल र सम्बन्धित विद्यालयका अभिलेखहरुबाट तथ्याङ्कहरु संकलन गरिएकोछ ।

### ३.४ तथ्यांक संकलन

यस अध्ययनका लागि निर्दिष्ट गरिएका उद्देश्यहरू पुरा गर्नको निम्ति निम्न साधनहरूको विकास गरी उपयोगमा ल्याइएको छ ।

क) अर्न्तवार्ता प्रश्नावली : यस अध्ययनको लागि नमूना छनोटमा परेका विद्यालयमा प्रारम्भिक बालविकासकेन्द्रको अध्ययन पुरागरी कक्षा एकमा भर्ना भएका र सिधै भर्ना भएका विद्यार्थी बीचको सिकाइ उपलब्धीसँग सम्बन्धित रहेर अनुसूची अन्तरवार्ता प्रश्नावलीहरु सोधिएको छ ।

ख) अवलोकन : यस विधि अन्तर्गत छनोटमा परेको अध्यनय क्षत्रेलाको अवलोकन फारम, रुजुसूची, तालिका सूचीको माध्यद्वारा अध्ययन अनुसन्धान गरिएकोछ ।

### ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावलीहरु सहित नुमना छनौटमा परेको विद्यालयका विद्यार्थी, प्र.अ., शिक्षक, अभिभावक, विव्यसका अध्यक्षसँग शोधकर्ताको प्रत्यक्ष उपस्थितिमा अन्तरवार्ता प्रश्नावली र अबलोकन गरेर तथ्याङ्क संकलन गरिएको छ । जसमा प्राथमिक तथ्याङ्क सम्बन्धित बालबालिकाहरु र द्वितीय तथ्याङ्कहरु सम्बन्धित संस्था मार्फत् प्राप्त गरिएको छ ।

### ३.६ तथ्याङ्क व्याख्या र विश्लेषण

कुनै पनि अध्ययन अनुसन्धानलनाई उद्देश्यमूलक बनाउनका लागि सो अध्ययन अनुसन्धानसँग सम्बन्धित रहेर त्यसका लागि आवश्यक तथ्यांक संकलन गरी तथ्यांकको वर्गीकरण गरेर व्याख्या एवम् विश्लेषण गर्नु पर्ने हुन्छ । त्यसैगरी प्रारम्भिक बालविकासकेन्द्रको अध्ययन पुरागरी कक्षा एकमा भर्ना भएका र सिधै भर्ना भएका विद्यार्थी बीचको सिकाई उपलब्धि नामक शीर्षक चयन गरी गरिएको यस अध्ययन अनुसन्धानमा अध्ययनका गुणात्मक विधिको प्रयोग गरेर प्राप्त तथ्याङ्कलाई व्याख्या एवम् विश्लेषण गर्नुका साथै आवश्यक परेको खण्डमा स्तम्भचित्र, तालिकामा समेत प्रस्तुत गरी वर्णनात्मक रुपमा व्याख्या विश्लेषण गरिएकोछ ।

# परिच्छेद चार
# तथ्यांक विश्लेषण तथा प्रस्तुतीकरण

बालबालिकाहरु प्राथमिक विद्यालयमा प्रवेश गर्नु अगाडी गराईने शैक्षिक क्रियाकलापलाई प्रारम्भिक बालशिक्षा वा पूर्व प्राथमिक शिक्षा भनिन्छ। प्रारम्भिक बालविकास केन्द्र अन्तर्गत प्राथमिक कक्षामा भर्ना हुनका लागि निर्धारित ५ वर्ष उमेर पूरा भई नसकेका बालबालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक र शैक्षिक विकास लगायत सर्वाङ्गिण विकासका लागि सञ्चालन गरिने शैक्षिक संरचना हो । योप्रक्रियामा विभिन्न खेलकूद र विभिन्न सिर्जनशील क्रियाकलापबाट बालबालिकाहरुले सम्पादन गर्न सक्नुपर्ने विकासात्मक कार्यहरु गर्ने वातावरण तयार गरिन्छ । यस अध्ययनमा प्रारम्भिक बालविकासकेन्द्र वा वा.वि.के. अध्ययन गरी कक्षा १ मा आएका वा.वि.के. अध्ययन नगरी सिधै कक्षा १ मा भर्ना भएका विद्यार्थीको विद्यालयमा उपस्थिति र उलिब्धि स्तर लेखाजोखा गर्ने, प्रारम्भिक बालविकास केन्द्रले बालबालिकामा परेको प्रभाव र त्यसका सवल तथा दुर्वलपक्षहरुको बारेमा पत्ता लगाउन विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थीका अभिभावकहरुलाई गरिएका प्रश्नावलीको आधारमा प्राप्त तथ्यांकलाई विभिन्न तालिका तथा रेखाचित्रको माध्यमबाट व्याख्या एवम् विश्लेषण गरिएको छ।

### ४.१ प्रारम्भिक वा.वि.के.ले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

विद्यार्थीको विद्यालयमा उपस्थितिले उसले हासिल गर्ने सिकाइ उपलब्धिमा प्रभाव पार्दछ । विद्यालयमा विद्यार्थीको उसले अपेक्षाकृत उपलब्धि हासिल गर्न सक्दछ तसर्थ यसमा वा.वि.के.बाट आएका र वा.वि.के. अध्ययन नगरी आएका बालबालिकाहरुको विद्यालयमा नियमितता शैक्षिक उपलब्धिको बारे अध्ययन गरिएको छ । जसका लागि प्रारम्भिक बालविकास केन्द्रले बालबालिकाको उपलब्धिमा पारेको प्रभाव सम्बन्धमा छनोटमा परेका विद्यालयहरुका प्रा.अ, शिक्षकहरुसँगको छलफल तथा अन्तरक्रियामा निम्नानुसारको प्रक्रिया प्राप्त भएको थियो ।

**प्र.अ., शिक्षक अभिभावकको प्रतिक्रिया निम्नानुसार रहेको छ :**

बालबालिकाहरुको नियमितता सम्बन्धमा प्र.अ.को प्रतिक्रिया बुझ्दा वा.वि.के अध्ययन गरी आएका बालबालिकाहरुको नियमितता राम्रो रहेको, यसको कारणमा बा.वि.के स्थापना भएका विद्यालयमा साना बालबालिकाहरुलाई चित्र, पप्प्लेट, तालिम आदि प्रदान गरी खेल अभिनय विधिबाट बालबालिकाको मनोभावना अनुसार बालमैत्रीपूर्ण तरिकाले डर रत्रासमुक्त वातावरणमा शिक्षण गर्ने भएकाले बालबालिकाको उपस्थिति राम्रो रहेको तथ्य प्राप्त भएको थियो । त्यसैगरी शिक्षकहरुले बा.वि.के सञ्चालन गरेको विद्यालयमा चक, डस्टर, व्ल्याकवोर्डको साहायताले घोकाएर पढाउनुको सट्टा गीत संगीत, नृत्य आदिको माध्यमबाट मनोरञ्जनात्मक तरिकाले पढाइने र अक्षर चिनाउने प्रयास मात्र नगरी बालप्रतिभाको प्रस्फुटन गराइने क्रियाकलाप गरिने भएको हुँदा विद्यार्थीहरु विद्यालय आउन रमाइलो मान्ने गरेको तथ्य व्यक्त गर्नुभएको थियो ।

यस अध्ययन अनुसन्धान सम्बन्धी अभिभावकको प्रक्रिया बुझ्दा बा.वि.के सञ्चालन गरेका विद्यालयका अभिावकहरुले आफ्ना नानी बाबुहरु खुसीसाथ विद्यालय जान मन गर्ने कुरा व्यक्त व्यक्त गरेको तथ्य प्राप्त भएको थियो । भने सिधै कक्षा १ मा भर्ना हुन आउने बालबालिकाहरुमा कक्षामा झगडा गर्ने, विद्यालय आउन नमान्ने तथा बा.वि.के अध्ययन पूरा गरी आएका विद्यार्थीको तुलमान अनुशासनमा समेत न्यून रहेको तथ्य छलफल तथा अनुसन्धानका क्रममा प्र.अ. शिक्षक, एवम् अभिभावकबाट जानकारी प्राप्त भएको थियो । अध्ययन तथा अनुसन्धानकै क्रममा प्र.अ. शिक्षक, शिक्षक अभिावक संघ, विनि.संग छलफल तथा अन्तरक्रिया गर्दा सिधै कक्षा १ मा आएका विद्यार्थीको तुलनामा बा.वि.के अध्यनय पूरा गरी आएका विद्यार्थीको सर्वाङ्गिण पक्षहरुमा राम्रो रहेको तथ्य प्राप्त भएको थियो । जर्ज एल्टन मायोको मानव सबन्ध सिद्धान्त प्रयोग गरी गरिएको यस अध्ययन अनुसन्धानमा पनि बालबालिकालाई राम्रो मानवविय व्यवहार प्रयोग गरेको खण्डमा उनीहरुको सिकाइ उपलब्धिमा वृद्धि हुनु कुरा अनुसन्धानबाट प्रष्ट भएको छ ।

**प्रारम्भिक बालविकास केन्द्रले विद्यार्थीको सामाजिक विकासमा पारेको प्रभाव सम्बन्धमा**

प्रारम्भिक बालविकासकेन्द्रले बालबालिकाको उपलब्धिमा पारेको प्रभाव सम्बन्धमा तयार पारिएको यस अध्ययनमा बालबाकिलाको शैक्षिक तथा सामाजिक दुवै पक्षको उपलब्धिलाई औंल्याउने प्रयास गरिएको छ । जसका लागि छनोटमा परेको अध्ययनस्थलमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर गरिएको छलफल तथा अन्तरक्रियाबाट प्राप्त तथ्य अनुसार बालविकास केन्द्रको माध्यमबाट विद्यार्थीहरुलाई हातगोडा धुने बानी व्यवहोराको विकास भएको, खाना खानु अघि साबुन पानीले हात धुने गरेको, नङ्काट्ने, नुहाउने जस्ता कार्यहरुमा बानी बसेको तथ्यलाई अध्ययन स्थलका प्र.अ., शिक्षक तथा अभिभावकबाट जानकारी प्राप्त भएको थियो भने बालबालिकाहरु समूहमा समयोजन भएर बस्ने, एकले अर्कालाई सहयोगपूर्ण भावले हेर्ने, आफूभन्दा ठूलाको सम्मान गर्ने, सानालाई माया गर्ने भन्ने जस्ता सामाजिक भावनाहरुको विकास भएको पाइयो ।

### ४.१.१ बा.वि.के अध्ययन गरी आएका र सिधै कक्षा १ मा भर्ना भएका विद्यार्थीको शैक्षिक उपलब्धि

बालविकास केन्द्र र सिधै कक्षा १ मा भर्ना भएका विद्यार्थीहरुको शैक्षिक उपलब्धिलाई लिने गरिन्छ । कुनै पनि विषयवस्तुको अध्ययन अध्यापन पश्चात विद्यार्थीले हासिल गरेको ज्ञान सीप अभिवृद्धि नै सिकाइ उपलब्धि हो ।  शैक्षिक प्रक्रिया अनुसार भएका उपलब्धिलाई शेक्षिक उत्पादन भनिन्छ । शैक्षिक उत्पादन भनेको नै शैक्षिक उपलब्धि हो । अर्को शब्दमा भन्दा जब विद्यार्थीहरु पठनपाठनमा संलग्न हुन्छन् उनीहरुले केही न केही अवश्यक सिक्दछन् । यसरी विद्यार्थीले के के सिके वा कति विद्यार्थीहरु सिक्न सफल भए भन्नुलाई शैक्षिक उपलब्धि भनिन्छ ।

शैक्षिक उपलब्धि मापन गर्ने प्रमुख साधनका रुपमा उपलब्धि परीक्षालाई लिने गरिन्छ । उपलब्धि परीक्षणबाट विद्यार्थीहरुले के कति सिकाइ उपलब्धि हासिल गरे भन्ने कुरा थाहा पाउन सकिन्छ, (ज.व.रा, श्रेष्ठ र रञ्जितकार २०६१) । का अनुसार कुनै पनि विषय वा विषयहरुको समुहमा विद्यार्थीहरुले प्राप्त गरेको शैक्षिक उपलब्धि अर्थात् ज्ञान बोध वा सीपलाई मापन गर्न तयार गरिएको परीक्षणलाई उपलब्धि परीक्षण गर्दछ वा सामूहिक विषयवस्तुको परीक्षण पनि गर्दछ । यसरी उपलब्धि परीक्षणलाई विद्यार्थीले विद्यालय

कार्यक्रम अन्तर्गत पाएको शैक्षिक अनुभवहरुको परीक्षण पनि भनिन्छ । उपलब्धि मापन सम्बन्धी लिएको परीक्षाको नतिजा प्रयोग गरिएको छ जुन निम्नानुसार छ ।

यस अध्ययनमा बालकिवासकेन्द्रबाट आएका र सिधै कक्षा १ मा भर्ना भएका विद्यार्थीहरुको शैक्षिक उपलब्धि कस्तो रहेकोछ भनी विश्लेषण गर्ने परीक्षलाई लिइएको छ ।

**क) प्रथम त्रैमासिक परीक्षा**

विद्यालयहरुले प्रथम वार्षिक १०% भार दिइ पाठ्यक्रम अनुसारको परीक्षा लिने गर्दछन् दुवै समूहका विद्यार्थीहरुले वार्षिक परीक्षा प्राप्त गरेको अंकलाई तालिकामा प्रस्तुत गरिएको छ ।

विद्यालयले लिएको वार्षिक परीक्षाको अंक तालिकालाई हेर्दा नेपाली, अंग्रेजी, गणित, वातावरण तथा विज्ञान, सामाजिक, सिर्जनात्मक कला र थप अंग्रेजी गरी ६ विषयको परीक्षा लिइएको छ । तुलनात्मक रुपमा हेर्नको लागि विद्यार्थीहरुको विषयगत औसत उपलधिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**प्रथम त्रैमासिक परीक्षाको विषयको औसत अंक**

तालिका नं. १

| क.सं. | विषय | वा.वि.के अध्ययन गरी कक्षा १ मा आएका विर्द्यी औसत अंक | वा.वि.के अध्ययन नगरी कक्षा १ मा आएका विर्द्यी औसत अंक |
|---|---|---|---|
| 1 | नेपाली | 55 | 46 |
| 2 | गणित | 38 | 25 |
| 3 | अंग्रेजी | 45 | 34 |
| 4 | विज्ञान वातवरण | 49 | 42 |
| 5 | सामाजिक | 47 | 36 |
| 6 | थप अंग्रेजी | 33 | 32 |
| 7 | सि.अ.क. | 49 | 37 |

तालिका नं. १ बाट बा.वि.के. अध्ययन गरेका बालबालिकाको उपलब्धि सिधै कक्षा १ मा भर्ना भएकाहरुको तुलनामा बढी उपलब्धि देखिन्छ ।

**ख) अध्ययनकर्ताले लिएको परीक्षाको उपलब्धि स्तर**

तथ्याङ्कको स्रोतका लागि अध्ययनकर्ताले प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम २०६२) र पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रवोधीकरण सामग्री कक्षा १ (२०६२) ले निर्दिष्ट गरेका सिकाइ उपलब्धिका आधारमा भाषा गणित र सामाजिक अध्ययन विषयमा क्रमश : ४०,४० र ३० अंकभार दिई परीक्षा लिइएको थियो । उक्त परीक्षाको नतिजा अनुसार परीक्षा लिएका तीनै विषयमा बालविकासकेन्द्र अध्ययन गरी कक्षा १ मा आएका र बालकाविकास केन्द्र अध्ययन नगरी सिधै कक्षा १ मा आएका विद्यार्थीहरुको तुलनात्मक अंक प्रस्तुत गरिएको छ । दुवै समुहका विद्यार्थीहरुले विषयगतरुपमा प्राप्त गरेको औसत अंक तलको तालिकाबाट प्रस्तुत गरिएको छ :

**उपलब्धि परीक्षाको प्राप्तांक**

**तालिका नं. २**

| **क्र.सं.** | **विषय** | **वा.वि.के. बाट कक्षा १ मा आएका विद्यार्थीको औंषत अंक** | **वा.वि.के. अध्ययन नगरी सिधै कक्षा १ मा भर्ना भएका विद्यार्थीको औसत प्राप्तांक** |
|---|---|---|---|
| 1 | भाषा समूह | 37 | 28 |
| 2 | गणित | 31 | 21 |
| 3 | सामाजिक | 23 | 18 |
| **जम्मा** | | 91 | 67 |

तालिका नं. २ अनुसार अध्ययनकर्ताले लिएको सबै परीक्षाको औसत अंक वा.वि.के. अध्ययन नगरी आएको भन्दा वा.वि.के. अध्ययन गरी कक्षा १ मा आएका विद्यार्थीहरुको बढी छ । दुवै समूहका विद्यार्थीहरुऔसत अंकलाई हेर्दा भाषा समूहका विषयमा बढी औसत अंक देखिन्छ । यसमा पनि सिधै कक्षा एकमा आएका विद्यार्थीहरुको सामाजिक विषयको औसत अंक अत्यान्त न्यून देखिन्छ ।

द्वितीय स्रोतअन्तर्गत विद्यालयले लिएको प्रथम त्रैमासिक परीक्षा तथा प्रथम स्रोतअन्तर्गत अध्ययनकर्ता लिएको परीक्षामा वा.वि.के. अध्ययन गरी आएका बालबालिकाहरुको सिकाइ उपलब्धि राम्रो भएको पाइयो छ । यस सम्बन्धमा प्र.अ. र शिक्षकको प्रतिक्रिया बुझ्दा वा.वि.के. पढाउने छुट्टै सहयोगी कार्यकर्ताको व्यवस्था भएको उनीहरुलाई कक्षा १ सँग नराखी छुट्टै राखेर पढाउने गरेको कुरा व्यक्त गर्नु भयो साथै वा.वि.के को स्थापना गर्नुको मुख्य उद्देश्य बमोजिम बालमैत्रीपूर्ण तरिकाले शिक्षण गर्ने गरेको गीत, संगीत खेल, नृत्यको माध्यमबाट मनोरञ्जनात्मक शिक्षण ागरी शारीरिक मानसिक विकास गरी विद्यालय आउने वानीको विकास गराएकोले वा.वि.के. अध्ययन अध्यापन पश्चात कक्षा १ मा आएका विद्यार्थीको सिकाइ उपलब्धि राम्रो भएको तर सिधै कक्षा १ मा भर्ना भएर अध्ययन गरेका विद्यार्थीहरु नियमित हुन नसकेको साथै शिक्षण सिकाइ क्रियाकलापमा अभिरुचि नदेखाएको कुरा व्यक्त गर्नु भयो भने वा वि.के अध्ययन नगरी सिधै कक्षा १ मा आएका विद्यार्थीहरुको अभिभावकमध्ये ६०% ले घरमा पनि पढाइ सम्बन्धी घरमा पनि पढाइसम्बन्धी रुचि अतिरिक्त क्रियाकलाप, घरमा आएर पनि गर्ने गर्नेरको बताउनु भयो भने ४० प्रतिशतले त्यस्तो रुचि नदेखाउने कुरा व्यक्त गर्नुभयो । दुवै समूहका विद्यार्थीहरुको बारेमा स्रोतव्यक्ति र वि.नि.को प्रतिक्रिया पनि शिक्षकप्र.अ.को जस्तै वा.वि..के अध्ययन गरी आइसकेका विद्यार्थी सिक्नमा अभिरुचि र नियमितता उत्तम रहेको कुरा व्यक्त गर्नु भएको थियो ।

### ४.१.२ बालविकास केन्द्रको प्रभावकारिता र यसले बालबालिकामा पारेको प्रभाव

सबैका लागि शिक्षा वा.वि.के. कार्यक्रम अनुसार सन् २०१५ सम्म मुलुकभर ७४००० बालविकास केन्द्र स्थापना गर्ने लक्ष रहेको छ । जस अनुसार हाल नेपालका प्रायजसो जिल्लाहरुमा वालविकास केन्द्रहरु स्थापना भएका छन् । नवलपरासी जिल्लामा हालसम्म ५७७ वालविकास केन्द्रहरु स्थापना भइसकेका छन् । वा.वि.के. कार्यक्रमहरुको उद्देश्य अनुरुपको सफलता यस कार्यक्रमहरुको उद्देश्य अनुरुपको सफलता यस कार्यक्रमले वालवालिकाहरुमा ल्याएको परिवर्तन यसको अवधारणा अनुरुप विद्यालयमा सिकाइ

वातावरण यसप्रति अभिभावकहरुको आकर्षण यसका सुविधहरुको पर्याप्तता यी विविध विषयमा जानकारी प्रायाप्त गर्नको लागि विद्यालयका प्रधानाध्यापक विद्यालयका सहयोगी कार्यकर्ता, शिक्षक अभिभावकको लागि प्रश्नावली निर्माण गरी उनीहरुलाई प्रश्नावली भर्न अनुरोध गरिएको थियो । त्यसैगरी विद्यार्थी अवलोकन फारम निर्माणगरी विद्यार्थीहरुको अवलोकन गरिएको थियो । यसका लागि छनोटमा परेका विद्यालयका प्रत्येक वि.व्य.स. प्रधानाध्यापक, सहयोग कार्यकर्ता तथा शिक्षक स्रोतयक्ति र वि.नि. प्रत्येक विद्यालयका १० जना विद्यार्थीहरुका अभिभावकहरु मध्येबाट ५।५ जना छनोट गरी प्रश्नावली गरिएको थियो । त्यसबाट प्राप्त प्रतिक्रिया निम्नानुसार प्रस्तुत गरिन्छ ।

## ४.२ शिक्षण सिकाइमा देखिएका समस्याहरु

प्रारम्भिक बालविकास केन्द्रले बालबालिकाको शैक्षिक उपलब्धिमा पारेको प्रभाव सम्बन्धमा गरिएको अध्ययन तथा अनुसन्धानमा छनौटमा परेका विद्यालयहरुमा सञ्चालित बालविकास केन्द्रमा व्यवस्थापनमा प्रत्यक्ष सरोकार व्यक्तिहरुसँग प्रश्नावलीका आधारमा वि.व्य.स.का अध्यक्ष, प्र.अ.,शिक्षक, अभिभावक, विद्यालय निरीक्षक/स्रोत व्यक्तिसँग गरी बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### क) छुट्टै भवन र कक्षाकोठाको अभाव

बालविकास केन्द्रका बालबालिकाका लागि सम्भव भएसम्म छुट्टै व्लकमा भवन बनाई कक्षाकोठाको व्यवस्थापनको समस्या रहेको देखिन्छ । चिसो भूँइमा बस्ने गरेको र बालविकास कक्षालाई छुट्टै विशेष कक्षाकोठाको अभाव रहेको पाइयो । यसैगरी उपलब्ध कक्षाकोठामा विद्यार्थीको उमेर अनुसारका फर्निचर (बेञ्च डेस्क) नभएको पाइयो ।

### ख) खानेपानी, शौचालय तथा खेलमैदानको अभाव

बालबालिकाका लागि आवश्यक शुद्ध र स्वच्छ पिउने पानी, पानीको व्यवस्था सहितको सुविधाजनक शौचालय र स्वतन्त्रतापूर्वक खेल खेल्नका लागि उपयुक्त खेलमैदानको अभाव देखिन्छ । ठूला कक्षाका विद्यार्थीहरुका लागि मात्र दृष्टिगत गरी शौचालय तथा खेलमैदानको व्यवस्था भए पनि बालविकास केन्द्रका स-साना बालबालिकाहरुले त्यसलाई सहज रुपमा उपयोग र प्रयोग गर्न कठिनाइ भएको पाइयो ।

**ग) शिक्षण विधिमा एकरुपताको अभाव**

बालविकास केन्द्रका लागि पाठ्यक्रम, निर्देशिका, सिकाइ उपलब्धीका मापदण्डहरुको नीतिगत व्यवस्था भए पनि धेरै बालविकास केन्द्रहरुमा त्यसको उपलब्धताको अभाव पाइयो । खेलकुद र शैक्षिक सामग्रीमा जोड दिनु पर्नेमा परम्परागत व्याख्यान तथा प्रवचन विधिको प्रयोग भएको पाइयो । जसले गर्दा लक्षित उद्देश्य हासिल नहुने र वर्षको अन्त्यमा हासिल हुनुपर्ने सिकाइ उपलब्धि पनि हासिल नहुने गरेको समस्या पाइयो ।

**घ) शिक्षकको शैक्षिक योग्यता, तालिम र पारिश्रमिक सम्बन्धि समस्या**

बालविकास केन्द्रका लागि सहयोगी शिक्षकको न्यूनतम शैक्षिक योग्यता कक्षा ८ उत्तीर्ण भए हुने प्रावधानले बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापमा प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ । स-साना बालबालिकालाई बाल मनोवैज्ञानिक ढङ्गले शिक्षण गर्नका लागि प्रयाप्त ज्ञान भएको योग्य र दक्ष शिक्षक आवश्यकपर्छ त्यसैले सहयोगी कार्यकर्ताको योग्यता एउटा समस्याको रुपमा देखिन्छ । यसैगरी शिक्षक लागि पूर्व सेवाकालीन, सेवाकालीन तथा पुनर्ताजगी तालिमका साथै उचित पारिश्रमिकको कमी भएको धारणा पाइयो ।

**ङ) शैक्षिक सामग्री, खेलकुद सामग्री र मनोरञ्जनका साधनको कमी हुनु**

बालविकास केन्द्रका बालबालिका स-साना उमेरका हुने भएकोले उनीहरुलाई पाठ्यपुस्तकका पाठ पढाउनु र घोकाउनुको सट्टा खेलको माधयमबाट विभिन्न सीपहरुको विकास गर्नुपेर्न हुन्छ । यसका लागि बालबालिकालाई उपयुक्त हुने शैक्षिक सामग्री, खेलकुदका सामग्री, श्रव्य दृष्य साधन र मनोरञ्जनका साधनहरुको कमि भएको पाइयो । जसको प्रत्यक्ष प्रभाव शिक्षण सिकाइ क्रियाकलापमा पर्न गएको पाइयो ।

**च) विद्यालय निरीक्षण तथा अनुगमन व्यवस्था प्रभावकारी नहुनु**

बालविकास केन्द्रको सञ्चालन कसरी भएको छ ? बालविकास केन्द्रमा के कस्ता समस्याहरु रहेका छन् ? समस्या समाधानमा कस्तो सहयोग गर्नुपर्ला ? भन्ने जस्ता कुराहरुलाई मध्यनजर राखी बालविकास केन्द्रको निरीक्षण गर्नुपर्ने हुन्छ । सञ्चालित बालविकास केन्द्रहरुमा विशेष गरेर प्र.अ., वि.व्य.स., वि.नि. र स्रोतव्यक्तिले नियमित निरीक्षण गरी

आवश्यक सुझाव र पृष्टपोषण प्रदान गर्नुपर्नेमा बालविकास केन्द्रको नियमित निरीक्षण र अनुगमन नभएको र केही मात्रामा गर्ने गरे पनि प्रभावकारी हुन नसकेको पाइयो ।

**छ) नीति निर्माण तहबाटै बालविकास केन्द्रलाई कम महत्व दिइनु**

नेपालको सरकारको मातहतमा रहेका निकायहरु शिक्षा मन्त्रालय, शिक्षा विभागबाट बालविकास केन्द्रको अवधारण आउनु राम्रो कुरा हो तर यिनै निकायहरुले बालविकास केन्द्रलाई कम महत्व दिएको पाइन्छ । शिक्षकको योग्यता कम तोक्नु, मासिक अठार सय पारिश्रमिक निर्धारण गर्नु, पाठ्यक्रम तथा शैक्षिक सामग्रीको  व्यवस्था नगर्नु, सिकाई उपलब्धीको मूल्याङ्कन नहुनु, भौतिक पूर्वाधार निर्माणमा ध्यान जान नसक्नु आदि यसका उदाहरणको रुपमा लिन सकिन्छ । जसरी प्राथमिक तह देखि माध्यमिक तह सम्म अन्य विद्यार्थीलाई निःशुल्क पाठयपुस्तक उपलब्ध गराइन्छ त्यसरीनै बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकालाई उपलब्ध गराउने गरिएको पाइएन ।

**ज) विद्यालयका प्र.अ.को बालविकास केन्द्रमा ध्यान कम हुनु**

बालविकास केन्द्रको दैनिका कार्य सञ्चालनको जिम्मा विद्यालयका प्र.अ./प्राचार्यको हो । विभिन्न तहगत संरचनामा रहेका विद्यालयका (प्रा.वि., नि.मा.वि., मा.वि., उ.मा.वि.) प्र.अ. विद्यालयको अन्य कार्यमा समेत ध्यान दिनुपर्ने भएकोले बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा कम ध्यान दिएको पाइयो ।

**झ) निरन्तर मूल्याङ्कनको अभाव**

बालविकास केन्द्रका बालबालिकाहरुलाई विद्यालयको औपचारिक परीक्षामा सामेल गराएर सिकाइ उपलब्धी के छ भनि थाहा पाउन कठिन हुन्छ त्यसैले उनीहरुका बानी, व्यवहारको र ज्ञानको स्तर पत्ता लगाउन निरन्तर मूल्याङ्कन प्रणाली अपनाउनु पर्नेमा त्यसले पूर्णता प्राप्त गर्न नसकेको पाइयो ।

**ञ) दिउँसोको खाजाको व्यवस्था नहुनु**

बालबालिकाको स्वभाव र उनीहरुको शारीरिक अवस्थालाई हेर्दा छिटो छिटो भोक लाग्ने हुन्छ । उनीहरु बिहान ९ बजे घरबाट खाना खाएर करिब २ बजेसम्म विद्यालयमा रहेन हुँदा बालबालिकालाई दिउँसोको खाजाको उचित प्रवन्ध नभएको पाइयो ।

### ट) शिक्षा क्षेत्रमा बढ्दो राजनैतिक हस्तक्षेप

देशको विद्यमान राजनैतिक सङ्क्रमणको प्रभाव शिक्षा क्षेत्रमा पनि परेको पाइन्छ । विद्यालय व्यवस्थापन समितिको गठन, शिक्षक नियुक्ति जस्ता कुरामा विद्यालयमा हस्तक्षेप भएको पाइन्छ । त्यसैगरी विभिन्न राजनैतिक दलहरु तथा संघ संगठनले राजनैतिक उद्देश्यले गर्ने बन्द, हड्तालको प्रभाव बालविकास केन्द्रमा परेको पाइन्छ ।

### ठ) अभिभावक तथा समुदायको चासो कम हुनु

अभिभावकहरुले आफ्ना बालबालिकाको स्वास्थ्य, पोषण, हेरचाह आदिमा ध्यान दिन नसक्नु, समय समयमा विद्यालयमा गएर विद्यार्थीको प्रगति विवरणको जानकारी लिन नखोज्नु जस्ता कमी कमजोरी पाइयो । यसैगरी कतिपय हुने खाने र टाठा-बाठाहरुले आफ्ना बालबालिकालाई निजी तथा संस्थागत विद्यालयमा पठाउने र सरकारी तथा सामुदायिक विद्यालयमा राजनैतिक प्रभाव जमाउन विद्यालय व्यवस्थापन समितिमा बस्ने गरेको पाइयो ।

### ड) प्रोत्साहनको कमी

कुनै पनि संघ संस्थामा राम्रो काम गर्ने र झारा टार्ने दुबै प्रवृत्ति पाइन्छ । कतिपय बालविकास केन्द्रमा राम्रो व्यवस्थापन गर्ने व्यवस्थापन पक्ष र सहयोगी कार्यकर्तालाई पुरस्कार र प्रशंसा नगर्नु पनि एउटा समस्याको रुपमा रहेको पाइन्छ ।

### ढ) स्रोत साधनको अभाव

बालविकास केन्द्रको भौतिक पूर्वाधार निर्माण र दैनिक कार्यसञ्चालन आदिका लागि आवश्यक पर्ने स्रोत साधनको अभाव रहेको पाइयो ।

### ण) बालविकास केन्द्रलाई तहगत संरचनामा नराखिनु

बालविकास केन्द्रलाई विद्यालय संरचनाको कुनै पनि तहमा नराख्नाले यसको महत्व कम ठानिएको पाइयो ।

समग्र अध्ययनको क्रममा बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा रहेका सरोकारवालाहरुले विभिन्न समस्याहरुको सामना गर्नु परेको, आशा गरे अनुरुप सफलता प्राप्त हुन नसकेको धारणाहरु व्यक्त गरेको पाइयो । नेपाल सरकारले बालविकास केन्द्रका लागि कोटा उपलब्ध गराउने र उपलब्ध कोटामा नियुक्ति हुने सहयोगी कार्यकर्तालाई मासिक अठार सय पारिश्रमिक दिने काम बाहेक बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनका

अन्य पक्षमा कुनै उल्लेख्य सहयोग नरहेको पाइयो । शैक्षिक योग्यताको कमी, न्यून पारिश्रमिक र नोकरीको भविष्यमा कुनै ग्यारेन्टि नहुने हुँदा सहयोगी कार्यकर्ताको उत्साहमा कमी आएको र यसले शिक्षण सिकाइ क्रियाकलापमा जवाफदेहीता नहुने समस्या रहेको देखियो । सहयोगी कार्यकर्ताले तालिमको अभावमा परम्परागत शिक्षण विधिमै अलमलिनु परेको पाइयो । पाठ्यक्रम, निर्देशिका, मूल्याङ्कन प्रक्रियामा स्पष्टता र एकरुपताको अभाव देखिन्छ । निरीक्षण, अनुगमन प्रणाली प्रभावकारी भएको पाइँदैन । सकरात्मक रुपमा बालविकास केन्द्र विस्तार भए पनि बालविकास केन्द्रको शैक्षिक गुणस्तरको अवस्था निकै कमजोर बन्न पुगेको पाइन्छ ।

बालविकास केन्द्रमा यी र यस्ता थुप्रै समस्याहरु रहेको पाइन्छ । समस्याको पहिचान गरी समयमै समाधानका उपाय खोज्न नसकेको खण्डमा समस्याले अझै विकराल रुप लिन सक्ने देखिन्छ । त्यसैले सरोकारवालाको यस तर्फ ध्यान जानु जरुरी हुन्छ । शिक्षाविद् मारिया मन्टेश्वरीको शिक्षण विधिलाई वैज्ञानिक व्यवस्थापनको सिद्धान्तसंग संयोजन गरी बालविकास केन्द्रका आवश्यकताहरुको पहिचान गरी सबैले आ-आफ्नो क्षेत्रबाट समस्याको समाधानमा भूमिका निभाउनु पर्ने देखिन्छ ।

**समग्रमा प्रारम्भिक बालविकास केन्द्रका दुर्वल पक्षहरु**

प्रारम्भिक वालविकास कार्यक्रम आजका वालबालिकाको लागि प्रथम आवश्यकता हो भने भोलिका तिनै बालबालिकाको सक्षम जीवन निर्वाहको प्रमुख आधार समेत हो । यस कार्यक्रमको धेरै सवल पक्षहरु छन्, तापनि कार्यान्वयन पक्षमा यसका केही दुर्वल पक्षपनि अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा छनोटमा परेका अध्ययन स्थलका प्र.अ.,विद्यार्थी, शिक्षक, अभिभावक, स्रोतव्यक्तिसँगको छलफल तथा अनुसन्धानबाट प्राप्त भएको जानकारी लाई निम्नानुसार प्रस्तुत गरिएको छ :

1. बालबालिकाको मनोभावना अनुसार व्यवहार गर्न सक्ने सहयोग कार्यकर्ता तयार गर्न सकिएको छैन ।
2. यस कार्यक्रममा केन्द्र सञ्चालन वापत दिएको खर्च, सहयोगी कार्यकर्ताको पारिश्रमिक पर्याप्त छैन ।
3. बालबालिकालाई सजिलो हुने कक्षाकोठा र खेलमैदान छैन । अत्यन्तै साँघुरो र असुधिवाजनक कक्षाकोठामा राखिएको छ ।

4. यो कार्यक्रम सञ्चालन गराउन अभिभावकहरु, सरकारी तथा गैह्र सरकारी संस्थाहरुलाई राम्रोसँग परिचालित गरी सहभागी गराउन सकिएको छैन ।
5. सबै बालबालिकाहरुलाई राम्रोसँग परिचालित गरी सहभागी गराउन सकिएको छैन ।
6. सबै बालिविकास केन्द्रमा खाजा खाने व्यवस्था गर्न सकिएको छैन ।
7. खेलविधि र अभिनय विधिबाट विभिन्न क्रियाकलाप गराउनुपर्नेमा कतिपय बालविकास केन्द्रहरुले व्यवहारमा त्यस्तो नगरी अंक र अक्षर चिनाउने प्रयास मात्र गरिन्छ ।
8. निश्चित पाठ्यपुस्तकको अभावमा वा.वि.के हरुको क्रियाकलापमा एकरुपता छैन ।
9. नियमितरुपमा अनुगमन तथा निरीक्षण हुन सकेको छैन ।

## ४.३ शिक्षण सिकाइमा देखिएका समस्या समाधानका उपायहरु

बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन सम्बन्धि शोध अनुसन्धानको क्रममा छनौट गरिएका बालविकास केन्द्रमा सञ्चालित बालविकास केन्द्रका वि.व्य.स.का अध्यक्ष, अभिभावक, प्र.अ., शिक्षक, वि.नि./स्रोत व्यक्तिसंग अन्तर्वार्ता लिइएको प्रश्नावलीका आधारमा प्राप्त सुझाव र प्रतिक्रियालाई प्राथमिकताको आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**क) छुट्टै भवन र उपयुक्त कक्षाकोठा एवं फर्निचरको व्यवस्था हुनुपर्ने**

भर्खरमात्र विद्यालय जान सुरु गरेका बालबालिकालाई विद्यालयको वातावरण मन परेन भने उनीहरु विद्यालय आउनमा नै रुची राख्दैनन् त्यसैले सर्वप्रथम बालबालिकाका लागि उपयुक्त बसाइ व्यवस्थापनका लागि छुट्टै भवन, उपयुक्त कक्षाकोठा एवं फर्निचर आवश्यकता हुने प्रतिक्रिया पाइयो ।

**ख) खानेपानी, खेलमैदान तथा शौचालयको राम्रो प्रवन्ध हुनुपर्ने**

बालबालिकाका लागि आवश्यक पर्ने स्वच्छ र सफा खानेपानी, उपयुक्त खेलमैदान र सुविधाजनक शौचालयको व्यवस्था बालविकास केन्द्रमा हुनुपर्ने हुन्छ । यी कुराहरुको राम्रो प्रवन्ध हुन नसकेको अवस्थामा बालबालिकाले असुविधा महशुस गर्ने धारणा प्राप्त भयो । त्यसैले व्यवस्थापन पक्षले यी कुराहरुमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

**ग) बालकेन्द्रित शिक्षण विधि अनुसार शिक्षण गर्नुपर्ने**

स-साना बालबालिकालाई पाठ्यपुस्तक र लेखाइमा जोड दिनु भन्दा बाल मनोवैज्ञानिक ढङ्गले बालमैत्री वातावरणमा खेलकुद तथा शैक्षिक सामग्रीको माध्यमबाट शिक्षण गर्नुपर्ने धारणा पाइयो । साथै बालविकास केन्द्रहरुमा शिक्षण विधिमा एकरुपता कायम हुनुपर्ने सुझाव पाइयो ।

**घ) शिक्षकको वृत्तिविकास र तालिमको व्यवस्था हुनुपर्ने**

बालविकास केन्द्रमा कार्यरत शिक्षकको नियुक्ति, सेवा तथा सुविधामा उपयुक्त ध्यान नपुगेको स्वयं सेवकको रुपमा काम गर्नु परेको, पारिश्रमिक अति न्यून भएको भन्ने गुनासो रहेको र यसका लागि निश्चित मापदण्ड बनाइ विद्यालयका अन्य शिक्षक सरह नियुक्ति तथा सेवा सुविधा उपलब्ध गराउनु पर्ने, सहयोगी कार्यकर्तालाई पूर्व सेवाकालीन, सेवाकालीन तथा पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्ने धारणहरु प्राप्त भयो ।

**ङ) शैक्षिक सामग्री, खेलकुद सामग्री र मनोरञ्जनका साधनको व्यवस्था हुनुपर्ने :**

बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाको सिकाइ प्रक्रियामा प्रत्यक्ष प्रभाव पार्ने शैक्षिक सामग्री, बाल पुस्तकालय, खेलकुदका सामग्री तथा गीत,संगीत र मनोरञ्जनका साधनहरुको व्यवस्था गर्नु पर्ने प्रतिक्रिया प्राप्त भयो ।

**च) निरीक्षण तथा अनुगमन व्यवस्थालाई प्रभावकारी बनाउनु पर्ने**

बालविकास केन्द्रको सञ्चालन कसरी भएको छ ? समस्याहरु के छन् ? समाधानका लागि के प्रयास गर्नु पर्ला ? भन्ने जस्ता जिज्ञासाहरु मेटाउन र शिक्षक तथा व्यवस्थापन पक्षलाई आवश्यक सुझाव र पृष्टपोषण प्रदान गर्न र देखा परेका समस्याहरु समाधानमा सहयोग पुऱ्याउने उद्देश्यले क्षे.शि.नि., जि.शि.का., वि.नि./स्रोत व्यक्ति, वि.व्य.स., शि.अ.संघ, प्र.अ.बाट समय समयमा बालविकास केन्द्रको निरीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुका साथै समस्याको समाधान गर्नुपर्ने धारणा पाइयो ।

**छ) नीति निर्माण तहमा सरोकारवालाहरुको संलग्नता हुनु पर्ने**

बालविकास केन्द्रको अवधारणा समयानुकुल भए पनि केन्द्र सञ्चालनका लागि आवश्यक पर्ने पूर्वाधार र आधारभूत पक्षको विश्लेषण गरेको पाँइदैन, त्यसैले बालविकास केन्द्रमा थुप्रै समस्याहरु विद्यमान छन् । त्यसैले स्थानीय तहबाटै राय, सल्लाह र सुझाव सङ्कलन गरी

सरोकारवालाहरुको सुझावलाई पनि आत्मसात गर्दै बालविकास योजना तयार गर्नुपर्ने प्रतिक्रिया प्राप्त भयो ।

### ज) निरन्तर मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्ने

बालविकास उमेरका बालबालिकाहरुको मूल्याङ्कन निरन्तर रुपमा भइरहनुपर्दछ । बालविकासका सबै पक्षलाई समेटेर बालबालिकाका क्रियाकलापहरुको रेकर्डको आधारमा बालबालिकाको मूल्याङ्कन गर्दा उनीहरुको प्रगतिको गति र यथार्थ स्थितिको जानकारी हुन्छ । यसबाट सुधार गर्नुपर्ने पक्ष र सबल पक्षको जानकारी प्राप्त भई सुधार गर्नुपर्ने पक्षमा सहयोग पुग्न जाने प्रतिक्रिया प्राप्त भयो ।

### झ) दिउँसोको खाजाको व्यवस्था हुनुपर्ने

केही बालबालिकाले घरबाट ल्याएको खाना तयार गरेको लामो समय भएका कारण खान रुची नगर्ने र बालबालिकाहरुले करिव ३-४ घण्टा समय बालविकास केन्द्रमा विताउने र यो समयमा उनीहरुलाई भोक लाग्ने र भोकले गर्दा पढाइमा रुची कम हुनुका साथै विद्यालय समय पूरा नहुँदै भागेर घरतर्फ लाग्ने हुँदा अभिभावक र विद्यालय व्यवस्थापन पक्षको सहयोगमा स्रोत व्यवस्थापन गरी दिउँसोको खाजाको व्यवस्था मिलाउनु पर्ने धारणा प्राप्त भयो ।

### ञ) राजनैतिक हस्तक्षेप अन्त्य हुनुपर्ने

देशको विद्यमान राजनैतिक सङ्क्रमणको फाइदा उठाइ विद्यालयमा आफ्नो राजनैतिक प्रभावपारी आफ्नो अनुकूलको विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक संघ गठन गर्ने, शिक्षक नियुक्तिमा अनावश्यक दवाव दिने, बन्द, हड्ताल गरी विद्यालय बन्द गराउने जस्ता प्रवृत्तिले विद्यालयको शैक्षिक वातावरण बिग्रने हुन्छ, त्यसैले विद्यालयमा विना कुनै पूर्वाग्रह सामाजिक सेवाको भावनाले काम गर्ने वातावरण वनाउनका लागि राजनैतिक हस्तक्षेपको अन्त्य हुनु पर्ने प्रतिक्रिया प्राप्त भयो ।

### ट) समुदायसंगको सम्बन्ध विस्तार गर्नुपर्ने

सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, सहयोगी कार्यकर्ता र शिक्षक समुदाय प्रति जवाफदेही हुनुपर्छ । शिक्षा क्षेत्रमा संस्थागत तथा निजी विद्यालयहरुले समाजमा आफुलाई प्रतिष्ठित र सम्पन्नशाली भन्नेहरुका बालबालिकालाई भर्ना गरी पठन पाठन गराउने परिपाटीको विकास हुँदै गएको सन्दर्भमा समुदायको विद्यालय प्रतिको चासो कम हुँदै गएको र सामुदायिक विद्यालय राजनीति गर्ने अखडा बनेका छन् । व्यवस्थापक, र स्वयं शिक्षकहरुका छोराछोरी निजी बोर्डिङ स्कूलमा पढाउने हुँदा अभिभावक र सर्वसाधारणको विद्यालय व्यवस्थापन पक्ष र शिक्षकहरुबीच अविश्वास पैदा गराएको छ । यो

समस्या दिन प्रति दिन घट्नुको साथै बढ्दै गएको छ । त्यसैले विद्यालयले समुदायसंग विश्वासको वातावरण बनाउनु जरुरी रहेको छ यसका लागि शिक्षकहरु स्वयंले आफ्ना छोराछोरी आफुले पठाउने विद्यालय वा अन्य सामुदायिक विद्यालयमा पठाउनुपर्ने, समय समयमा अभिभावक, शिक्षाप्रमी, समाजसेवी, बुद्धिजिवीहरुको भेला बोलाइ विद्यालयको अवस्थाको बारेमा यथार्थ जानकारी गराउने, समुदायसंगको सम्बन्ध सुमधुर बनाउनु पर्ने र विद्यालयको विकासमा समुदायको सहभागिता बढाउनु पर्ने जस्ता धारणाहरु राखेको पाइयो ।

### ठ) पुरस्कार एवं दण्ड सजायको नीति अवलम्बन गर्नुपर्ने

सिङ्गो विद्यालय र बालविकास केन्द्रमा कार्यरत शिक्षक/सहयोगी कार्यकर्ता तथा प्रधानाध्यापकलाई नीजहरुले गर्ने राम्रो कामको लागि प्रोत्साहन तथा पुरस्कारको व्यवस्था र आफ्नो कर्तव्य निर्वाहमा  गैर जिम्मेवार भई विद्यालयको शैक्षिक वातावरण बिगार्नेलाई नसिहत दिने, घटुवा गर्ने आदि नीति अवलम्वन गर्नुपर्ने प्रतिक्रिया प्राप्त भयो ।

### ड) स्रोत साधनको खोजी र उपयोग गर्नुपर्ने

बालविकास केन्द्रको भौतिक तथा शैक्षिक व्यवस्थापनका लागि स्रोत र साधनको आवश्यकतापर्दछ । त्यसका लागि स्थानीय स्तरमा अभिभावक, समाजसेवी, चन्दादाता, गा.वि.स./जि.वि.स./जि.शि.का.संग समन्वय गरी स्रोत साधन जुटाउनु पर्ने र उपलब्ध भएका स्रोत साधनको उपयोगमा आर्थिक पारदर्शिता अपनाउनु पर्ने धारणा प्राप्त भयो ।

### ढ) बालविकास केन्द्रलाई विद्यालय तहको संरचनामा राख्नु पर्ने

बालविकास केन्द्रलाई विद्यालय तहको कुनै पनि संरचनामा राखिएको छैन । जसले गर्दा यसको आवश्यकतालाई गम्भिर ढङ्गले सोँच्ने गरेको पाँइदैन । जेन तेन एक वर्ष अवधि पूरा गरेपछि प्राथमिक तहको कक्षा १मा भर्ना गर्न पाइने भएकोले बालविकास केन्द्रको व्यवस्थापनमा त्यति रुची नराख्ने गरेको पाइयो । बालबालिकाका लागि एक वर्ष समय महत्वपूर्ण हो, त्यसमा पनि प्रारम्भिक बाल्यवस्था एउटा जिज्ञासा र उत्सुकताको उमेर हो । यो उमेरमा बालबालिकामा सकरात्मक छाप पार्न सकेमा सधैभरि ऊ सकरात्मक सोँचबाट अघि बढ्न सक्छ । त्यसैले बालविकास केन्द्रलाई विद्यालय तहको छुट्टै संरचनाको रुपमा स्थापित गर्नुपर्ने धारणा प्राप्त भयो ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

यस शोधकार्यबाट प्राप्त हुन आएका तथ्यहरुलाई तथ्यांकशास्त्रीय सूत्रात्मक आधार साथै गुणात्मक शैलीबाट विश्लेषणको निचेडामा पुग्ने काममा नवलपरासी जिल्लाका छनोटमा परेका विद्यालयहरुको प्रारम्भिक वा.वि.केले बालबालिकाको शैक्षिक उपलब्धिमा पारेको प्रमाव सम्बन्धमा गरिएको यस अनुसन्धानमा बालविकास केन्द्रले गर्दै आएका सम्पूर्ण पक्षहरुमा राम्रो भएकोले यो कार्यक्रम प्रभावकारी भएको तथ्य प्राप्त भएको छ । यससँग सम्बन्धित विश्लेषणात्मक पक्षलाई प्राप्ति स्वरुप निम्नानुसार प्रस्तुत गरिएको छ ।

१) प्रारम्भिक बालविकास केन्द्रबाट कक्षा १ मा आएका विद्यार्थीहरुको उपस्थिति दर सिधै कक्षा १ मा आएको विद्यार्थीको भन्दा बढी देखिन्छ ।

२) प्रारम्भिक वा.वि.के. अध्ययन गरी कक्षा १ मा आएका र सो अध्ययन नगरी सिधै आएका विद्यार्थीको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन गर्दा हरेक विषयमा वा.वि.के अध्ययन गरी आएका कक्षा १ का विद्यार्थीको शैक्षिक उपलब्धि स्तर राम्रो भएको पाइयो ।

३) वा.वि.के सञ्चालन गरेका विद्यालयका बालबालिकाहरुको व्यक्तिगत सरसफाई कक्षाकोठाको सरसफाई शिष्टचार तथा सामाजिकीकरण सबै कक्षाकोठा व्यवस्थापन वा.वि.के अध्ययन नगरिकन आएकाहरुको भन्दा राम्रो पाइयो ।

४) बालविकास केन्द्रमा बालबालिकाहरुलाई मनोरञ्जनपूर्ण ढंगले सिकाउने गरेको पाइयो जसको कारणले कक्षा १ मा आउँदा पनि विद्यार्थीहरुले उही वातावरणमा सिकाई गर्दै जाँदा सिकाइ उपलब्धि उच्च रहने गरेको पाइयो ।

५) बालविकास केन्द्रका बालबालिकाहरुलार्य स्कूल आउने जानको वातावरणको पहिले नै विकास भएको हुँदा विद्यालय आउन जानमा समस्या नरहेको पाइयो भने सिधै कक्षा १

मा भर्ना हुन आउने विद्यार्थीहरुमा विद्यालय वातावरणमा घुलमिल हुन नसकेको कारण विद्यालय आउन नमान्ने, डरउने, विद्यालय जानका लागि घरमा झगडा गर्ने जस्ता कार्यकलापहरु देखा पर्ने गरेको पाइयो ।

६) नेपाल सरकारबाट घोषित कार्यक्रम अनुसार वा.वि.के. को कक्षाकोठाहरु खानेपानी शौचालयको व्यवस्था हुन नसकेको पाइयो ।

७) बालविकास कार्यक्रमलाई दिइएको अनुदान प्राप्त नभएको हुँदजा यसलाई बढी प्रभावकारी रुपमा सञ्चालन गर्न विद्यालय स्रोत र साधनले अपुग भएको पाइयो ।

८) सिधै कक्षा १ मा भर्ना हुन आउने बालबालिकाका लागि सिधै पाठ सिकाउने, घोकाउने, कन्ठ गराउने जस्ता कार्यहरु गराउँदा पढ्ने बानी नपरेको हुँदा अप्ठ्यारो पर्न गई विद्यालय आउनमा समेत मन नगर्नुका साथै विद्यालयमा पनि उच्छृङ्खल व्यवहार प्रस्तुत गर्ने गरेको पाइयो ।

९) बा.वि.के अध्ययन गराउने सहयोगी कार्यकर्ता. लाई दिने तलव ज्यादै न्यून रहेको, उनीहरुलाई प्राप्त तालिमको अभाव रहेको जस्ता कारणहरुले अध्यापन कार्यमा असहज वातावरण सृजना हुने गरेको जानकारी पाइयो ।

१०) बालविकास केन्द्रका लागि भने नियुक्ति गरिएका सहयोगी कार्यकर्ता.ले माथिल्ला कक्षामा अध्यापन गराउनु पर्ने बाध्यता रहेको पाइयो ।

११) गा.वि.स.मा बालविकास कार्यक्रम प्रति ठोस योजना र कार्यक्रम नभएको, बालविकासका लागि वितरण गर्ने भनि निर्णय गरिएका कुरा पनि हालसम्म उपलब्ध हुन नसकेको पाइयो जसबाट बालविकास केन्द्रप्रति गा.वि.सहयोगी कार्यकर्ता ध्यानाकर्षणमा कमी रहेको अनुभव प्राप्त गरिएको छ ।

## ५.२ निष्कर्ष

अध्ययन तथा अनुसन्धानलाई उद्देश्न्मुख बनाउनका लागि प्राप्त तथ्यांकहरुको वर्गीकरण गरी तिनीहरुको व्याख्या विश्लेषण गर्नु आश्यक रहन्छ, प्राप्त तथ्यांकको व्याख्या एवम् विश्लेषण पश्चात त्यसबाट प्राप्त प्राप्तिको आधारमा निष्कर्षमा पुगेर अनुसन्धानलाई पूर्णर्ता प्रदान गर्नु शोधकार्यको दायित्व अन्तर्गत पर्न आउने हुँदा यस अध्ययन अनुसन्धानमा बालबालिकाको

शारीरिक, सामाजिक, बौद्धिक र संवेगात्मक पक्षको सन्तुलित विकास भएपछि मात्र सर्वाङ्गिण विकास भएको मान्न सकिन्छ । विद्यालयमा सञ्चालित शिशुकक्षाबाट मात्र यी उल्लेखित पक्षको विकास गर्न नसकिएको पृष्ठभूमिमा प्रारम्भिक बालविकास केन्द्रको अवधाणा आएको हो । प्रारम्भिक बालविकास केन्द्र कार्यक्रमबाट बालबालिकाहरुको सर्वाङ्गिण विकास भई उनीहरुलाई प्राथमिक तहका लागि तयार गराउने र प्राथमिक तहमा हुने शैक्षिक क्षति न्यून हुने अपेक्षा गरिएको छ । सबैका लागि शिक्षा कार्यक्रमको राष्ट्रिय योजना २००१-२०१५ र सबैका लागि शिक्षाको मूल दस्तावेज २००४-२००८ ले प्रारम्भिक बालविकास केन्द र विद्यालयमा सञ्चालित शिशुकक्षालाई समयान्वयत्मक रुपमा अघि बढाउन सकिए मात्र सबैका लागि शिक्षा दिन सक्ने देखिन्छ ।

प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको विद्यालय जाने वानीको विकास र साथीसँग घुलमील हुने वानीको विकास गराउ सफल भएको छ । यसले गर्दा अभिभावकहरुको चेतनास्तरमा अभिवृद्धि भई उनीहरु बालविकासकेन्द्र प्रति आकर्षित भएका छन् । यस कार्यक्रम कक्षा १ मा भर्ना हुने दरलाई वृद्धि गर्न विद्यार्थीहरुको विद्यालयमा नियमितता र शैक्षिक उपलब्धि बढाउन सफल भएको छ । यस कार्यक्रममा विद्यार्थीहरुमा अतिरिक्त क्रियाकलापमा अग्रसरता, मिलनसारिता, व्यक्तिगत सरसफाई आदि पक्षहरुको विकास गराउन सफल भएको पाइएको छ । सामग्रमा बा.वि.के भएका विद्यार्थीहरुमा समूहकार्यकलापमा भाग लिने एक अर्कालाई सम्मान गर्ने सहयोगी र सामाजिकीकरण हुने धारणाको विकास हुने भएकोले यिनीहरुको सामाजिक तथा संवेगात्मक विकास राम्रो देखिन्छ ।

## ५.३ सुझावहरु

यस अध्ययन अनुसधानबाट अनुसन्धानकर्ताले प्राप्त गरेका तथ्यमा देखिएका कमीकमजोरीहरुलाई औंल्यई सुझावस्वरुप निम्नानुसार प्रस्तुत गरिएको छ :

### नीति निर्माण तहका निम्ति

क) वर्तमान नियमावलीमा परिवर्तन गरी स.का.को योग्यता SLC कायम गरी, नियुक्ति प्रक्रियामा जि.शि.का.को उपस्थितिमा छनोट प्रक्रिया सञ्चालन गर्नु पर्ने अन्यथा

नियुक्ति समर्थन नगरिने प्रावधान राख्नु पर्ने र सुविधा (पारिश्रमिक) समय सापेक्ष बनाउनु पर्दछ ।

ख) केन्द्रको स्वीकृति सम्बन्धमा स्थलगत निरीक्षण गरी नियमावली २०४९ को नियम ६८ अनुसारको पूर्वाधार पूरा गरेपछि मात्र  स्वकृति दिने र स्वीकृति पश्चात पनि उक्त कुराहरु अध्यावधिक राख्नु पर्ने, अन्यथा स्वीकृति खारजे गर्न सकिने कानुनी व्यवस्था मिलउनु पर्दछ ।

ग) सिधै कक्षा १ मा भर्ना हुने बाललिका र बालविकस केन्द्रको अध्ययन पूरा गरी आएका बाललिकालाई तुलना गरी सक्षम बालबालिकलाई कक्षा २ मा भर्ना गर्ने नीति बनाउनु पर्ने देखिन्छ ।

घ) सिधै कक्षा १ मा भर्ना हुन आउने विद्यार्थीहरुका लागि पनि उचित किसिमको नीति नियम तय गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउनु पर्ने देखिन्छ ।

ङ) पूर्वप्राथमिक शिक्षालाई प्राथमिक तहको संरचना भित्र राख्ने सरकारी नीति हुनु पर्दछ । अन्यथा केन्द्र प्रतिको चासो घट्दै जान सक्दछ ।

च) बालविकास केन्द्रको प्रभावकारी व्यवस्थापन गर्नका लागि अभिभावकबाट निश्चित शुल्क लिने, चन्दादाता, स्थानीय समुदाय, संघसंस्था समेतसँग समन्वय गरी आवश्यक साधन र स्रोत जुटाउने पहल गर्नु पर्ने देखिन्छ । हरेक केन्द्रमा स.का.को सहयोगका लागि कम्तिमा एक जना सहयोगी (पियन/कर्मचारी) को व्यवस्था गर्नु पर्दछ ।

छ) हाल प्रचलनमा रहेको नीति नियममा परिवर्तन गरी स.का.,प्र.अ. अभिभावक, व्यवस्थापन समिति तथा अन्य सरोकारवालाको भूमिकालाई थप सक्रिय र प्रभावकारी बनाउनु पर्दछ । यसका साथै न.पा., जि.वि.स., जि.शि.का.को भूमिकामा कस-कसले के के गर्नुपर्ने, गर्न सक्ने, गर्न हुने, गर्न नहुने जस्ता कुराहरु स्पष्ट गरी थप जिम्मेवार मूलक बनाउनु पर्दछ ।

**कार्यान्वयन तहका निम्ति**

क) सञ्चालित बालविकास केन्द्र पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, शैक्षिक सामग्री, खेलकुदका सामग्री र अन्य मनोरञ्जनका सामग्रीहरुको व्यवस्थापन गरी मनोवैज्ञानिक र बालमैत्री वातावरणमा शिक्षण सिकाइ क्रियाकलपा सञ्चालन गर्नु गरी कार्यान्वयन गरिनु पर्दछ ।

ख) बालबालिकाको उमेर अवस्था र केन्द्रप्रतिको आकर्षण बढाउनका लागि केद्रमा खाजाको व्यवस्था गर्नु पर्दछ । यसको लागि स्थानीय निकाय र व्यवस्थापन पक्षले स्रोतको खोजीगरी व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

घ) प्रत्येक केन्द्र, न.पा., जि.वि.स. तथा जि.शि.का. ले आफ्नो र आफ्नो क्षत्र भित्रका बालविकास केन्द्रको तथ्यांक र अभिलेख अद्यावधिक राख्नु पर्ने व्यवस्था मिलाउनु पर्दछ । जसका लागि स्थानीय निकायहरुमा समेत बालकिवास केन्द्र हेर्ने वा सो सम्बन्धी काम गर्ने छुट्टै शाखाको व्यवस्था मिलाउनु पर्दछ ।

ङ) अभिभावकहरुलाई अनिवार्यरुपमा अभिभावक शिक्षा, समुदायमा प्रचार प्रसार तथा प्र.अ. अभिवक व्यवस्थापन समितिका सदस्यलाई सचेतना तथा अभिमुखीकरण जस्ता कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्नु पर्दछ ।

च) शिक्षा मन्त्रालय तथा शिक्षा विभाग देखि स्थानीय निकाय सम्म बालविकास केन्द्रका लागि छुट्टै शाखाको स्थापना गरी स्वतन्त्रपूर्वक काम गर्न पाउने व्यवस्था मिलाउनु पर्दछ । यसका लागि आवश्यक जनशक्तिको छुट्टै व्यवस्था गरी साधन र स्रोतको समेत व्यवस्था गरिनु पर्दछ ।

**अनुसन्धान तह**

क) साना बाबु नानी भनेका भोलीका भविष्यका कर्णधार हुन् भन्ने भावनालाई बोकेर बालबालिकालाई पढ्नु पर्छ भनने भावनाको जागृत गारउनु पर्दछ ।

ख) बालबालिकाको शैक्षिक उपलब्धिमा वृद्धि गर्नका लागिस्थानीय निकाय, गैरसरकारी संस्था तथा नागरिक समाज, विद्यालय, विश्वविद्यालयका विद्यार्थीहरू, धार्मिक संघसंस्थाहरू, निजीक्षेत्र तथा राजनीतिक दललाई परिचालन गर्नु पर्दछ ।

ग) बेला बेलामा विद्यालय भ्रमण तथा अवलोकन गर्नु पर्ने देखिन्छ ।

घ) बालविकास कक्षामा अध्यनयरत सहयोगी कार्यकर्तालाई प्रयाप्त अभ्यास प्रभावकारी तालिमको विकास गराइनु पर्दछ तालिममा हासिल गरेका सीप अनुसारको कक्षा सञ्चालन भए नभएको अनुगमन गरिनु पर्दछ ।

ङ) बेला बेलामा गरिएको सुपरिवेक्षण तथा अनुगमनका आधारमा उत्कृष्ट शिक्षकका लागि पुरुष्कार को समेत व्यवस्था गरिनु पर्ने देखिन्छ ।

**भावि अनुसन्धानकर्ताहरुका लागि सान्दर्भिक शीर्षकहरु**

क) बालविकास केन्द्रमा संघसंस्थाहरुको भूमिका

ख) बालविकास केन्द्रमा अध्ययन गरेका र सिधै कक्षा एकमा भर्ना भएका बालबालिकाको शैक्षिक उपलब्धि ।

ग) बालविकास केन्द्रप्रति अभिभावकहरुको धारणा

घ) आधारभूत तहको शिक्षामा प्र.अ. तथा विद्यालय प्रशासनको भूमिका

## प्रारम्भिक बालविकास अध्ययन पुरागरी कक्षा एकमा भर्ना भएका र सिधै भर्ना भएका विद्यार्थी बीचको सिकाइ उपलब्धि

## अनुसूची १

## अवलोकन फारम

लक्ष्मी प्रा.वि. २०६८ विद्यार्थी उपस्थिति विवरण

| महिना | विद्यालय खुलेको दिन | प्रा.वि.के बाट आएका बालबालिकाको मासिक उपस्थिति | सिधै आएका बालबालिकाको मासिक उपस्थिति |
|---|---|---|---|
| वैशाख | 24 | 15 | 12 |
| जेठ | 20 | 16 | 14 |
| असार | 12 | 11 | 9 |
| साउन | | | |
| भदौ | 19 | 18 | 16 |
| असोज | 11 | 9 | 8 |
| कर्त्तिक | 16 | 14 | 15 |
| मंसिर | 18 | 18 | 15 |
| पुस | 20 | 20 | 17 |
| माघ | 19 | 19 | 18 |
| फागुन | 20 | 18 | 18 |
| चैत्र | 6 | 6 | 6 |
| जम्मा | 185 | 164 | 148 |
| cf}; t | | 14 | 12 |

देवचुली प्रा.वि. २०६९ विद्यार्थी उपस्थिति विवरण

| महिना | विद्यालय खुलेको दिन | प्रा.वि.के बाट आएका बालबालिकाको मासिक उपस्थिति | सिधै आएका बालबालिकाको मासिक उपस्थिति |
|---|---|---|---|
| वैशाख | 23 | 15 | 15 |
| जेठ | 19 | 18 | 16 |
| असार | 14 | 14 | 11 |
| साउन | | | |
| भदौ | 20 | 20 | 18 |
| असोज | 14 | 10 | 9 |
| कर्त्तिक | 17 | 13 | 12 |
| मंसिर | 15 | 15 | 13 |
| पुस | 20 | 20 | 20 |
| माघ | 19 | 19 | 14 |
| फागुन | 17 | 16 | 12 |
| चैत्र | 6 | 6 | 6 |
| जम्मा | 184 | 166 | 146 |
| cf}; t | | 14 | 12 |

## धूवज्योति प्रा.वि. २०६९ विद्यार्थी उपस्थिति विवरण

| महिना | विद्यालय खुलेको दिन | प्रा.वि.के बाट आएका बालबालिकाको मासिक उपस्थिति | सिधै आएका बालबालिकाको मासिक उपस्थिति |
|---|---|---|---|
| वैशाख | 22 | 17 | 18 |
| जेठ | 20 | 19 | 13 |
| असार | 13 | 12 | 10 |
| साउन | | | |
| भदौ | 20 | 20 | 17 |
| असोज | 14 | 10 | 9 |
| कर्त्तिक | 17 | 13 | 12 |
| मंसिर | 15 | 15 | 13 |
| पुस | 20 | 20 | 20 |
| माघ | 19 | 19 | 14 |
| फागुन | 17 | 17 | 11 |
| चैत्र | 6 | 6 | 6 |
| जम्मा | 183 | 168 | 143 |
| cf}; t | | 14 | 12 |
| | | | |

## प्रारम्भिक बालविकास केन्द्रले बालबालिकाको उपलब्धिमा पारेको प्रभाव

## अनुसूची दुई

### प्रधानाध्यापकका लागि अन्तरवार्ता प्रश्नावली

१. तपाईको विद्यालयमा बालविकास केन्द्र स्थापनका भएको छ कि छैन ?

क) छ ख) छैन

भएको छ भने कहिले स्थापना भएको हो ?

......................................................................

२. तपाईंको विद्यालयमा कक्षा १ मा विद्यार्थीको उपस्थिति कस्तो रहेको छ ?

क) नियमित ख) अनियमित

३. विद्यालयमा साना विद्यार्थीहरु कुन माध्यमबाट विद्यालय आउँछन् ?

क) अभिभावकले लिएर आउँछन् ।

ख) शिक्षक आफै गएर लिएर आउँछन् ।

ग) विद्यार्थीहरु एक्लै आउँछन् ।

४. बालबालिका कक्षाको व्यवस्था के कसरी गर्नु भएको छ । ?

क) एकै ठाउँमा राखेर ख) छुट्टै कक्षाकोठाको व्यवस्था रहेको छ

५. तपाईंको विद्यालयमा कक्षा १ का विद्यार्थीको शिक्षण सिकाई क्रियाकलापमा सहभागीता कस्तो रहेको छ ?

क) आफूभित्र रहेका वा जानेका कुरा खुलेर व्यक्त गर्दछन्

ख) लाज मानेर बस्ने, बोल्न डराउने गर्दछन् ।

ग) शिक्षकले सोधेको खण्डमा मात्र उत्तर व्यक्त गर्दछन् ।

घ) अन्य

६. बालविकास केन्द्र स्थापना गर्नुको मुख्य प्रयोजन के हो ?

क) मनोरञ्जनपूर्ण वातावरणबाट बालबालिकालाई विद्यालय आउने बानिको विकासगरी अध्यापन गर्नु ।

ख) अंक, अक्षरहरु तथा अंग्रेजि वर्णमाला लेखपढ गर्न सक्ने बनाउनु

ग) घरमा बाबुआमाको बोझ कम गर्नु

७. विद्यालयमा साना बालबालिकालाई पढाउने शिक्षकको व्यवस्था कसरी गरिएको छ ?

क) छ                    ख) छैन

८. प्राय बालविकास केन्द्रमा आउने विद्यार्थीहरु कुन उमेरका हुन्छन् ?

क) ३-५          ख) ५-६          ग) ९ वर्ष भित्र          घ) अन्य

९. विद्यालयमा ल्याएको खाजा सुरक्षित राखिदिने र निश्चित समयमा खान दिने व्यवस्था छ कि छैन ?

क) छ                    ख) छैन

१०. तपाईंको विद्यालयमा कक्षाकोठामा कुन कुन सुविधाहरु उपलब्ध छन् ?

क) पर्याप्त उज्यालो झ्याल, ढोका भएको

ख) कोठामा कार्पेट विच्छ्याएको

ग) खेलकुद एवम् मनोरञ्जनात्मक सामग्री भएको

घ) भित्तामा सिकाइ सम्बन्धी पोष्टर तथा चार्टहरु राखिएको

११. ECD कार्यक्रम सञ्चालनका लागि कति अनुदान पर्याप्त भएको छ ?

क) छ                    ख) छैन

१२. साना बालबालिकालाई खाना, खाजा, कपी-कलम, किताबहरु, ड्रेसहरु उपलब्धता कस्तो रहेको छ ?

क) निःशुल्क उपलब्ध गराइन्छ ।          ख) त्यस्तो व्यवस्था छैन

ग) आंशिक रुपमा मात्रै

१३. बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाहरुलाई कुन विधिबाट अध्ययन गर्नुहुन्छ ?

क) खेल, अभिनय विधिबाट मनोरञ्जनात्मक तरिकाले

ख) परम्परागत अंक अक्षर चिनाउने र घोकाउने

१४. बालबालिकाको मनोभावना अनुसार शिक्षण गर्ने तालिम प्राप्त सहयोगी कार्यकर्ताको व्यवस्था छ ?

क) छ                    ख) छैन

१५. साना बालबालिकालाई बालमैत्रीपूर्ण तरिकाले डर, त्रास र भयमुक्त वातावरणमा शिक्षण गर्ने गरिएको छ ?

क) छ                    ख) छैन

१६. विद्यालयमा कुन शिक्षण सिकाइ क्रियाकलापमा बढी जोड दिनुहुन्छ ?

क) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक विकास सम्बन्धी क्रियाकलाप ।

ख  पढ्न र लेख्न मात्र सिकाइने ।

ग) पढेका कुरा फेरी भन्न लगाउने, भन्न नसकेमा सजायँ दिने ।

१७. विद्यालयमा विद्यार्थीको शैक्षिक उपलब्धि मूल्यांकन के कसरी गर्दै आउनु भएको छ ?

.............................................................................................

१८. तपाईंको विचारमा बालविकास केन्द्रले बालबालिकाहरुमा कस्तो प्रभाव पारेको ठान्नुहुन्छ ? आफ्नो विचार व्यक्त गर्नुहोस् ।

्.................................................................................

१९. ECD कार्यक्रमअन्तर्गत आइपरेका मुख्य समस्याहरु के के हुन् लेख्नुहोस् ?

...............................................................................

२०. ECD शैक्षिक कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के गर्नुपर्ला ? सुझाव दिनुहोस् ।

...............................................................................

## प्रारम्भिक बालविकास केन्द्रले बालबालिकाको उपलब्धिमा पारेको प्रभाव

## अनुसूची तीन

## शिक्षकका लागि अन्तरवार्ता प्रश्नावली

१. बालविकास केन्द्र भन्नाले तपाईं के बुझ्नु हुन्छ ?

.........................................................................................................

२. तपाईको विद्यालयमा बालविकास उमेर समूहका बालबालिकाहरु छुट्टै राखेर पढाउने व्यवस्था छ ?

क) छ　　　　　　　　ख) छैन

३. तपाईंको विद्यालयमा कक्षा १ मा अध्ययन गर्ने बालबालिकाहरु मध्ये कुन कार्यक्रमबाट आएका बालबालिकाहरु सिकाइमा अभिरुचि राख्ने, विद्यालयमा नियमितता र राम्रो सिकाइ उपलब्धि पाउनु भयो ?

क) बालविकास केन्द्रबाट　　　　　　ख) उमेर पुगेपछि सिधै कक्षा १ मा भर्ना भएका

४. बालविकास केन्द्रको अध्ययन पछि कक्षा १ आएका बालबालिकाको शैक्षिक उपलब्धि कस्तो रहेको पाउनु भयो ?

क) उत्तम　　ख) ठिकै　　　ग) निम्न

५. बालविकास केन्द्रको अध्ययनपछि कक्षा एकमा आएका बालबालिकाको विद्यालयमा उपस्थिति कस्तो रहेको पाउनु भयो ?

क) नियमित विद्यालय आउँछन्　　　ख) विद्यालय आउन मन गर्दैनन्

ग) लिनगए आउँछन् नत्र आउँदैनन्

६. तपाईंको विद्यालयमा कुन शिक्षण विधिबाट पढाउने गर्नुहुन्छ ?

क) चक, ब्ल्याक बोर्ड र लट्ठीको साहायताले घोकाएर पढाउने

ख) गीत, नृत्य, कथा, खेल आदि अभिनय आदि मनोरञ्जनात्मक तरिकाले

७. साना बालबालिकालाई खाजा ल्याउन लगाउने, सुरक्षित राखिदिने र खानदिने व्यवस्था छ कि छैन ?

८. तपाईंप्रति बालबालिकाहरु आज्ञाकारी, अनुशासित हुन्छन् ?

क) हुन्छन्　　　　　　ख) हुँदैनन्

९. तपाईंले के आफ्नो योग्यता अनुसार सेवा सुविधा पाउनु भएको छ ?

क) छ ख) छैन

१०. बालविकास केन्द्रमा पढाउने निश्चित पाठ्यक्रम, पाठ्यसामाग्री खेलकुद एवम् अन्य शैक्षिक सामग्री पर्याप्त मात्रामा छन् ?

क) छन् ख) छैनन्

छैन भने के के छैन ?

..........................................................................................................

११. साना बालबालिकालाई सिकाइका निम्ति कुन कुन क्रियाकलापलाई बढी जोड दिने गर्नुहुन्छ ?

क) अक्षर चिनाउने प्रयासमात्र गरिएको

ख) बालप्रतिभाको प्रष्फुटन गराउने र सकारात्मक धारणाको विकास गराउने

ग) शारीरिक, मानसिक, संवेगात्मक विकास गराउने

घ) अभिनय विधि

ङ) प्रदर्शन विधि

१२. बालबालिकाहरु विद्यालय आउँदा कस्तो प्रतिक्रिया व्यक्त गर्दछन् ?

क) हासी खुसी आउँछन् ख) आउने मन गर्दैनन्

ग) गाली गरेर जवरजस्ती ल्याउनु पर्दछ ।

१३. साना बालबालिकाहरु विद्यालयमा कस्तो महसुस गर्दछन् ?

क) हासिखुसी रहन्छन् ख) विद्यालय रहन वोझ मान्दछन्

१४. तपाईंसँग बालबालिकाहरुले कस्तो व्यवहार गर्दछन् ?

क) आफ्नै घरका बाबु आमा दिदी दाजु सरह निर्धक्कसँग बोल्ने गर्दछन् ।

ख) डराउने, बोल्न नसक्ने चाहेको कुरा भन्न नसक्ने गर्दछन् ।

१५. बालबालिकाहरु विद्यालय आउने सिक्न अभिरुचि गर्ने गर्दछन् ?

क) सिक्न रुचि गर्दछन् ख) सिकाइमा चासो दिंदैनन्

१६. तपाईंको विचारमा बालविकास केन्द्रको अध्ययनले बालबालिकामा कस्तो प्रभाव पारेको ठान्नुहुन्छ ?

..........................................................................................................

१७. ECD कार्यक्रमले बालबालिकामा कस्तो परिवर्तन ल्याएको छ ? लेख्नुहोस् ?

………………………………………………………………………………………

१८. बालिबालिकाहरुको शैक्षिक उपलब्धि के कसरी गर्ने गर्नुभएको छ ?

…………………………………………………………………………………………

१९. EFA कार्यक्रम अन्तर्गत ECD को सहयोगी कार्यकर्ता, बालबालिका आदिलाई कस्तो सेवा सुविधा उपलब्ध गराउनुपर्ने आवश्यकता रहेको छ ? आफ्नो विचार राख्नुहोस् ।

…………………………………………………………………………………………

२०. ECD अध्ययन गरी कक्षा १ मा भर्ना भएका र अन्य ECD अनुभव विना आएका विद्यार्थीहरुको सिकाइ उपलब्धिमा के फरक पाउनुभयो ?

………………………………………………………………………………………

२१. तपाईं विचार ECD कार्यक्रमलाई निरन्तरता दिन आवश्यक छ ?

…………………………………………………………………………………

# प्रारम्भिक बालविकास केन्द्रले बालबालिकाको उपलब्धिमा पारेको प्रभाव

## अभिभावकका लागि अन्तरवार्ता प्रश्नावली

## अनुसूची चार

१. तपाईंको बच्चाले नियमित जान कत्तिको अभिरुचि देखाउँदछ ?

क) विद्यालय जान मन गर्दछ ख) विद्यालय जान मन गर्दैन

२) बालविकास केन्द्रको अध्यनयबाट बालबालिकाको सिकाइ अभिरुचिमा वृद्धि भएको पाउनु भएको छ ?

क) छ ख) छैन

३. तपाईको विचारमा उमेर पुगेपछि सिधै कक्षा १ मा भर्ना भएका बालबालिकाहरु भन्दा बालशिक्षा अध्ययन गरी गएकाहरुको पढाइ राम्रो भएको कत्तिको महशुस गर्नु भएको छ ?

क) पढाइमा राम्रो भएको पाएको छु ख) खासै कुनै फरक छैन

४. तपाईका बालबालिका स्कूल जाँदा कस्तो व्यवहार गर्दछन् ?

क) झगडा गर्ने, रुने गर्दछन् ख) सरासर खुसीसाथग जान्छन्

५. बालबालिकाहरु विद्यालयमा कसरी पुग्छन् ?

क) म आफै पुर्‍याउन जान्छु ख) ठूला दाजुदिदीको साथमा पठाउँछु

ग) विद्यालयबाटै लिन आउँछन्

६. तपाईंको बालबालिकालाई विद्यालयमा खाजाको के व्यवस्था छ ?

क) म आफै खाजा पठाइदिन्छु ख) विद्यालयमा नै खाजा दिन्छन्

ग) घरमा नै आएर खान्छन्

७. तपाईको विचारमा कक्षा १ मा भर्ना हुनुपूर्व बालशिक्षा आवश्यकता छ ?

क) छ ख) छैन

८. के तपाईको बालशिक्षामा अध्ययन गर्ने बालबालिकालाई छात्रवृत्ति, पोशाक, खेलौना आदिको व्यवस्था रहेको छ ?

क) छ ख) छैन

९. के तपाईंले विद्यालयमा गीत, संगीत, नृत्य, खेल आदिको माध्यमबाट मनोरञ्जनात्मक तरिकाले सिकाएको पाउनु भएको छ ?

क) कहिलेकाहिं विद्यालय जँदा देखेको छु  ख) पूरानै तरिकाले पढाउने गरिन्छ

ग) त्यस सम्बन्धमा मलाई केही जानकारी छैन

१०. बालशिक्षा किन प्रभावकारी भएको ठान्नुहुन्छ ? मिल्नेजतिमा ठीक लगाउनुहोस् ।

क) बालकको मनोभावना बुझ्रेर शिक्षण गर्ने भएकोले

ख) गीत, संगीत, खेलकूद आदिबाट सिकाउने भएकोले

ग) डरत्रास धम्की नदेखाइ मनोरम वातावरण दिने भएकाले

११. बालशिशक्षामा अध्ययन गर्ने तपाईको बालबालिकालाई केही अनुदान दिइएको छ ?

क) छ  ख) छैन

१२. तपाईंको विचारमा बालशिक्षा अनिवार्य आवश्यकता हो ?

क) हो  ख) होइन

१३. अभिभावकहरु बालविकास केन्द्रप्रति आकर्षित हुनुको कारण के होला लेख्नुहोस् ।

..........................................................................................

१४. तपाईंको विचारमा बालविकास केन्द्र अझ प्रभाबकारी बनाउन के गर्नु पर्ला ?

..........................................................................................

१५. परम्परागत शिशुकक्षा र अहिलेको बालशिक्षामा के फरक पाउनु भयो ? लेख्नुहोस् ।

..........................................................................................

१६. बालविकास केन्द्रको अध्ययनबाट बालबालिकाहरुमा विद्यालय जाने बानिको विकास भएको पाउनु भएको छ ?

..........................................................................................

१७. तपाईंको विचारमा परम्परागत शिशुकक्षा भन्दा बालशिक्षा किन प्रभावकारी छ जस्तो लाग्छ ?

..........................................................................................

१८. विद्यालय जाने गरेपछि तपाईको बालबालिकाको ब्यवहारमा केही परियोजना पाउनु भएको छ ?

..........................................................................................

१९. तपाईको विचारमा प्रत्येक अभिभावकहरु विद्यालयमा गई आफ्नो नानीबाबुहरुको शैक्षिक लगायत अन्य अवस्थाबारे बुझ्न किन आवश्यक छ ?

## प्रारम्भिक बालविकास केन्द्रले बालबालिकाको उपलब्धिमा पारेको प्रभाव

## स्रोत व्याक्ति, वि.नि का लागि अन्तरवार्ता प्रश्नावली

## अनुसूची पाँच

१. तपाईको क्षेत्र अन्तर्गत बालविकास केन्द्र छन् ?

………………………………………………………………………………………………

२. कक्षा १ मा विद्यार्थीको विद्यालय नियमितता कस्तो पाउनु भएको छ ?

………………………………………………………………………………………………

३. कक्षा १ का विद्यार्थीहरु कसरी विद्यालय आउने गरेका छन् ?

………………………………………………………………………………………………

४. कक्षा १ का विद्यार्थीको कक्षा सिकाइ क्रियाकलापमा कस्तो सहभागिता रहेको छ ?

………………………………………………………………………………………………

५. बालविकास केन्द्र स्थापना गरेको मुख्य प्रयोजन के हो जस्तो लाग्दछ ?

………………………………………………………………………………………………

६. बालविकासमा आउने विद्यार्थीको उमेर कति हुनुपर्ने उल्लेख छ ?

………………………………………………………………………………………………

७. विद्यालयमा साना बालबालिकालाई पढाउने लागि छुट्टै व्यवस्थ छ कि छैन ? यदि छ भने कस्तो व्यवस्था छ ?

………………………………………………………………………………………………

८. बाविकास केन्द्रमा कस्ता सुविधा छन् ?

………………………………………………………………………………………………

९. ECD कार्यक्रम सञ्चालनको लागि अनुदान दिने व्यवस्था कस्तो छ ?

………………………………………………………………………………………………

१०. साना बालबालिकाको लागि खाना, खाजा, कपी, कलमको आदिको लागि के व्यवस्था छ ?

………………………………………………………………………………………………

११. बालविकास केन्द्रका बालबालिकालाई कसरी अध्यापन गर्नुपर्ने व्यवस्था छ ?

………………………………………………………………………………………………

१२. प्रा.वा.वि. केन्द्रबाट आएका र सिधै कक्षा १ मा आएका विद्यार्थीको शैक्षिक गतिविधिमा कस्तो अन्तर पाउनु भएको छ ?

...............................................................................................................

१३. प्रा.वा.वि. केन्द्र कार्यक्रमले बालबालिकामा कस्तो सहयोग पुऱ्याएको छ ?

...............................................................................................................

१४. प्रा.वा.वि.केन्द्र कार्यक्रमका समस्याहरु के के पाउनु भएको छ ?

...............................................................................................................

# ;Gbe{ ;fdu|L


खनाल, पेशल (२०६०), **शैक्षिक अनुसन्धान पद्धति,** काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

तिमिल्सिना, विनोदखण्ड (२०६३), **शैक्षिक अनुसन्धान पद्धति,** काठमाण्डौ : स्टुडेण्ट बुक पब्लिसर्स एण्ड डिस्ट्रिव्यटर्स ।

**प्रारम्भिक बालविकास दिग्दर्शन पाठ्यक्रम** (२०६२), शिक्षा विभाग, भक्तपुर ।

पाठ्यक्रम विकासकेन्द्र (२०६२), **पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रवोधीकरण साममग्री कक्षा १,** काठमाण्डौ : सानोठिमी भक्तपुर ।

बौद्धिक दर्पण प्रकाशन, **शिक्षा ऐन (२०२८),** काठमाण्डौ : पुतलिसडक ।

मन्टेसरी मेरीया (२०४६) **बच्चाको विकासको विधि**, काठमाण्डौं : बुक हाउस ।

राष्ट्रिय योजना आयोग, (२०६४) **अन्तरिम योजना,** काठमाण्डौ ।

वाग्ले, मनप्रसाद र ढकाल, माधवप्रसाद (२०५८) **प्राथमिक शिक्षाका सिद्धान्तहरु,** काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी (२०५८), **शिक्षाका आधारहरु,** काठमाण्डौ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

शिक्षा विभाग (२०६३) **सबैका लागि शिक्षा मुख्य दस्तावेज,** सानोठिमी भक्तपुर ।

सिन्हा, रामस्वरुप (२०६३), **एक्काइसौं शताब्दी शैक्षिक दुरदृष्टि,** काठमाण्डौ ।

CERID (2004), **Formative research project study report. Effective operation and sustainable development of early childhood development programme, strategies for rapid expansion.**

Hurlock, Elizabeth B (1992),**Child and development (5th edition),** New DelhiM Mc. Graw Hill Company.

प्रारम्भिक बालविकासकेन्द्रको अध्ययन पूरा गरी कक्षा एकमा भर्ना भएका र सिधै भर्ना भएका विद्यार्थी बीचको सिकाइ उपलब्धि

## विद्यार्थीको भाषासमूहगत प्रश्नावलीहरु

पूर्णाङ्क : २०

विद्यालयको नाम : ................................................

विद्यार्थीको नाम : .............................. रोल नं. : ...........


कक्षा : ............................विषय : नेपाली


१. खालिठाउँ भर १०


क...........ग...........ङ...........छ.......झ.....


अ. ...............इ............उ........ए......

२. जोडा मिलाउ ५

घडी 

झण्डा 

फूल 

तारा 

कलम 

३ दिइएका चित्रको नाम लेख ५





प्रारम्भिक बालविकासकेन्द्रको अध्ययन पूरा गरी कक्षा एकमा भर्ना भएका र सिधै भर्ना भएका विद्यार्थी बीचको सिकाइ उपलब्धि

## विद्यार्थीको भाषासमूहगत प्रश्नावलीहरु

पूर्णाङ्क : २०

विद्यालयको नाम : ...............................................
विद्यार्थीको नाम : .............................. रोल नं. : ...........
कक्षा : ............................विषय : अंग्रेजी

**Answer the Following Question** **5x2 = 10**

1. What is Your Name ?

   ..........................................................................................................

2. Where do you live ?

   ..........................................................................................................

3. What is your School Name ?

   ..........................................................................................................

4. How old are you ?


   ..........................................................................................................


5. What is you father name ?


   ..........................................................................................................


**Fill in the Blanks** **5**

A.....pl..... Ba........l Ho.....s......
C.........t Mo...........se

Watch 

**Pen** 

**Flower** 

**Star** 

**Flag** 

प्रारम्भिक बालविकासकेन्द्रको अध्ययन पूरा गरी कक्षा एकमा भर्ना भएका र सिधै भर्ना भएका विद्यार्थी बीचको सिकाइ उपलब्धि

## गणित विषयगत प्रश्नावलीहरु

पूर्णाङ्क : ४०

विद्यालयको नाम : ................................................

विद्यार्थीको नाम : .............................. रोल नं. : ...........

कक्षा : ............................विषय : गणित

**1) Add the following .** **10**

a) 6 7 2 + 2 0 2     b) 5 8 + 4 5     c) 9 7 + 3 8

**2) Subtract the following.** **10**

a) 8 7 - 3 5     b) 4 5 6 - 3 2 4     c) 7 3 - 2 6

**3) Multiply the following.** **10**

a) 2 x 0     b) 3 x 2     c) 2 4 x 1

**4) Put <, > or = in the given in the Blanks** **10**

a) 18 .........28   b) 20..........20   c) 50 ...........30

प्रारम्भिक बालविकासकेन्द्रको अध्ययन पूरा गरी कक्षा एकमा भर्ना भएका र सिधै भर्ना भएका विद्यार्थी बीचको सिकाइ उपलब्धि

## गणित विषयगत प्रश्नावलीहरु

पूर्णाङ्क : ४०

विद्यालयको नाम : ................................................
विद्यार्थीको नाम : .............................. रोल नं. : ...........
कक्षा : ............................विषय : गणित

छोटो उत्तर देऊ ५x३.१५

१. नेपालको राजधानी के हो ? ३. तिमीलाई मन पर्ने शिक्षकको नाम के हो ?

तलको चित्र हेरी सजिव तथा निर्जिव छुट्याउ





